पुष्करलालद्वारा प्रतिष्ठापित

नेपाल समाचारपत्र

राष्ट्रिय दैनिक

newsofnepal.com

आइतबार, पुस ७, २०८१ | Sunday, December 22, 2024 | नेसं ११४५, थिल्लागा ७ | वर्ष २९, अंक २८८ | पृष्ठ ८ | मूल्य रु १०/–

हार्दिकता, शुभेच्छा र सामीप्यता : नेपाल पत्रकार महासंघका नवनिर्वाचित पदाधिकारीका लागि कामना न्यूज पब्लिकेसन्स् प्रालिले आयोजना गरेको बधाई तथा सम्मान कार्यक्रमपछि महासंघका पदाधिकारीहरू पब्लिकेसन्स्का सदस्यहरूसँग सामूहिक तस्वीरमा । तस्वीर : नेपाल समाचारपत्र

अन्तरिक्षमा नेपालको स्याटलाइट राख्ने विषशमा विलम्ब

नीति एक काम अर्को

भवनाथ प्याकुरेल, काठमाडौं

अन्तरिक्षमा नेपालको आफ्नै स्याटलाइट राख्ने विषयमा विलम्ब भएको छ।

सरकारले २०७७ सालमा बनाएको भू-उपग्रह नीतिमा सन् २०२२ सम्ममा आफ्नै भूउपग्रह राखी काम गरिसक्ने भन्ने उल्लेख गरिए पनि सरकारी ढिलासुस्तीका कारण स्याटलाइट राख्ने काममा विलम्ब भएको हो। नीतिमा सन् २०२२ भित्र अन्तरिक्षमा आफ्नै भू-उपग्रह स्थापना गरी मुलुकभित्रबाटै विश्वसनीय र गुणस्तरीय सेवा उपलब्ध गराउने भन्ने उल्लेख गरिए पनि निरन्तर काम भए ५ वर्षभन्दा बढी लाग्ने देखिएको हो।

अन्तरिक्षमा स्याटलाइट राख्ने जिम्मा पाएको दूरसञ्चार प्राधिकरणले २०७४ सालमा विश्वव्यापी आशयपत्र माग गरे पनि २०७९ साल असार २० गतेमात्र बोलपत्र स्वीकृति भएको जनाएको छ। त्यसअघि पनि नेपालको अन्तरिक्षमा आफ्नै स्याटलाइट राख्ने सम्बन्धमा गरिएका अध्ययनहरू कार्यान्वयन हुन नसकेपछि पछिल्लो दुई वर्षअगाडि बोलकबोल स्वीकृति भएको थियो। प्राधिकरणका अनुसार टर्कीमा रहेको टर्क स्याट स्याटलाइट कम्युनिकेसन जेभी र अर्को सरकारी सस्था टीटीजी दुई संस्था मिलेर अध्ययन गर्ने सम्झौता भएको जनाएको छ।

प्राधिकरणका सहायक प्रवक्ता प्रदीप पौड्यालले आर्थिक वर्ष २०७८/०७९ मात्र बजेट निकासा भएको हुनाले बोलकबोलको काम अगाडि बढेको बताउनुभयो। उहाँले ४ वर्ष अवधिमा नेपालले अन्तरिक्षमा यान राख्ने विषयको सम्पूर्ण लागत, व्यापारिक योजनालगायत सबै विषयको अध्ययन गरिसकेपछि मात्र कसरी राख्ने भन्ने टुङ्गोमा पुग्ने बताउनुभयो।

(क्रमशः पृष्ठ ५ मा)

अन्तरिक्षमा स्याटलाइट राख्दाका फाइदा

- स्याटेलाइटले ग्रामीण र दुर्गम स्थानहरूमा दूरसञ्चार र इन्टरनेट सेवा पुर्‍याउन सहयोग गर्छ।
- यसले दूरसञ्चार र इन्टरनेट सेवामा सुधार हुने देखिएको छ।
- यसले इन्टरनेट सेवाको पहुँच विस्तार गर्न सहज हुने छ।
- मौसम पूर्वानुमान र विपद् व्यवस्थापन सहज हुने।
- भूकम्प, बाढी, हिमपहिरोजस्ता प्राकृतिक विपद्हरूको निगरानी र व्यवस्थापन सजिलो हुन्छ।
- स्याटेलाइटमार्फत भूमि उपयोग, जमिनको उर्बरता, र सिँचाइको अवस्था पत्ता लगाउन सकिन्छ।
- कृषिमा उत्पादनशक्ति बढाउन आवश्यक जानकारी दिन सक्छ।
- भूप्रणाली र सुरक्षा निगरानी गर्न सकिन्छ।
- स्याटेलाइटबाट सीमाना निगरानी गर्न, प्राकृतिक स्रोतहरूको पहिचान गर्न र भूगोलसम्बन्धी तथ्यांक संकलन गर्न सकिन्छ।
- सुरक्षा प्रणालीलाई बलियो बनाउन सहयोगी हुन्छ।
- शैक्षिक तथा वैज्ञानिक अनुसन्धान र अन्तरिक्ष प्रविधिमा स्थानीय स्तरमा अध्ययन विकासलाई प्रेरित गर्छ।
- विश्वविद्यालय र अनुसन्धान संस्थानहरूले नयाँ खोज गर्न सक्ने वातावरण तयार हुन्छ।
- पर्यटन प्रवर्द्धन गर्न सजिलो हुन्छ।
- नेपालका हिमाल, नदी, र अन्य पर्यटकीय स्थलहरूको नक्सा र प्रचारका लागि स्याटेलाइट उपयोग गर्न सकिन्छ।
- राजस्व र रोजगार सिर्जना गर्न सकिन्छ।
- स्याटेलाइट सेवा बेचेर अन्य देश वा निजी क्षेत्रसँग राजस्व संकलन गर्न सकिन्छ।

एनपीएलको उपाधि जनकपुर बोल्ट्सलाई

सुदूरपश्चिम रोयल्स ५ विकेटले पराजित

फिरोज राजोपाध्याय, काठमाडौं

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) टी-२० फ्रेन्चाइजी प्रतियोगिताको उपाधि जनकपुर बोल्ट्सले जितेको छ। शनिबार त्रिवि मैदानमा भएको फाइनल खेलमा जनकपुरले प्रतियोगिताको उपाधि दाबेदारीमा रहेको सुदूरपश्चिम रोयल्सलाई ५ विकेटले हराएको हो। योसँगै जनकपुरले लिग र क्वालिफायर पहिलो खेलमा बेहोरेको हारको बदला पनि लिएको छ।

सुदूरपश्चिमले दिएको १ सय ८५ रनको ठूलो लक्ष्य जनकपुरले १९.२ ओभरमा ५ विकेटको क्षतिमा प्राप्त गरेको हो। यसअघि सुदूरविरुद्ध ५१ रन र १ सय ४० रन बनाएको जनकपुरले फाइनलमा भने त्यो गल्ती गरेन। टोलीलाई उपाधि दिलाउन ओपनर लाहिरू मिलान्था र कप्तान आसिफ शेखले शानदार सुरुवात दिलाए।

पहिलो विकेटका लागि नै उनीहरूले ७ ओभरमै ७३ रनको साझेदारी गरेका थिए। यहीँबाट नै सुदूरपश्चिममाथि अन्त्यसम्म दबाब दिन सफल भयो। ३३ रनमा आसिफ आउट भएपछि १ सय ५ स्कोरमा मोहम्मद मोहसिन (९ रन) आउट भए।

यति बेलासम्म सुदूरपश्चिम खेलमा फर्कन सक्ने मौका थियो। तर, तेस्रो विकेटका लागि मिलान्थाले हर्ष थाकरसँग ६१ रन साझेदारी गरेर टोलीलाई उपाधि निकट पुर्‍याए। ९ चौका र ४ छक्का प्रहार गरेका मिलान्था ८७ रनमा आउट भएका थिए। उनी आउट हुँदा जनकपुर १९ रनले उपाधिबाट टाढा थियो।

पहिलो : जनकपुर बोल्ट्स, १ करोड १० लाख
दोस्रो : सुदूरपश्चिम रोयल्स, ५१ लाख
तेस्रो : कर्णाली याक्स, २५ लाख
चौथो : चितवन राइनोज, १५ लाख
दीपेन्द्रसिंह ऐरी ओमोडाको ६२ लाख मूल्यको कार

यसपछि जेम्स निसाम (४ रन) र आकाश त्रिपाठी (२ रन) को विकेट गुमाएको जनकपुरलाई हर्षले ४ बल बाँकी राखी जित दिलाए। हर्ष ३० रनमा नटआउट रहे। सुदूरका बलरमा दीपेन्द्रसिंह, कुगेलिन, सैफअली र इशान पाण्डेले एक-एक विकेट लिएका थिए।

यसअघि पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा १ सय ८४ को बलियो स्कोर तयार गरेको थियो। टोलीका लागि ओपनर ब्याटर सैफअली जेबले सर्वाधिक ६९ रन बनाए। यस्तै, अर्का ओपनर ब्याटर विनोद भण्डारी भने ४१ रनमा आउट भए।

यी दुवै ब्याटरले पहिलो विकेटका लागि १२ ओभरमा १ सय १७ रनको शतकीय साझेदारी गरे पनि उनीहरू आउट भएपछि सुदूरपश्चिमको रन गति पनि कम भयो। जसका कारण लगातार विकेट पतन भयो र २ सय रन कटाउन सम्भावना भएकोमा त्यसमा पनि सफल हुन सकेनन्।

सुदूरपश्चिमका कप्तान दीपेन्द्र सिंह ऐरीसमेत दबाबमा रन बनाउन असफल भएका थिए। उनी ९ रनमा पभेलियन फर्केका थिए। यस्तै, ब्रान्डन म्याकमुलेन र हरमित सिंह समान १४ रनमा आउट भए भने स्कट कुगेलिन १३ रनमा आउट भएका थिए। जनकपुरका बलरमा किशोर महतो र मोहसिनले ३-३ विकेट लिँदा निशाम र ललित राजवंशीले १-१ विकेट हासिल गरेका थिए।

पत्रकार महासंघका नवनिर्वाचित पदाधिकारीलाई सम्मान तथा बधाई ज्ञापन

नेपाल समाचारपत्र, काठमाडौं

कामना न्युज पब्लिकेसन्स प्रालिले नेपाल पत्रकार महासंघको नवनिर्वाचित केन्द्रीय नेतृत्वलाई आफ्नै कार्यालयमा बोलाएर बधाई ज्ञापन गर्दै सम्मान गरेको छ।

गत मंसिर २८ मा सम्पन्न निर्वाचनमा नेपाल प्रेस युनियन तथा प्रेस चौतारी नेपालको संयुक्त प्यानलबाट निर्मला शर्मा नेतृत्वको टिम विजयी भएको थियो। नवनिर्वाचित अध्यक्षलगायतका पदाधिकारीका लागि आयोजित बधाई तथा सम्मान कार्यक्रममा बोल्दै कामना न्युज पब्लिकेसन्स प्रालिका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक दिरेकलाल श्रेष्ठले पत्रकार महासंघको इतिहासमा पहिलोपटक पत्रकार महिला नेतृत्वमा पुग्नु आफैंमा ऐतिहासिक भएको र यो गौरवलाई आगामी दिनमा काम गरेर स्थापित गर्नुपर्ने बताउनुभयो। प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले अहिलेको निर्वाचित टिम मिडिया तथा पत्रकारमैत्री भएकाले आफूले शर्मा नेतृत्वको टिमलाई आफ्नै कार्यालयमा सम्मान गर्न पाउँदा गौरव बोध भएको स्पष्ट पार्नुभयो।

नेपालमा पत्रकार र मिडिया सञ्चालकहरू एक भएर अघि बढ्न नसक्दा सरकारबाट पाउने सुविधा लिन वञ्चित हुनुपरेको वास्तविकता औंल्याउनुभयो।

यसै गरी प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले नेपाल पत्रकार महासंघ, मिडिया एलाइन्स नेपाल, नेपाल मिडिया सोसाइटीजस्ता संस्था एक भएर अघि बढ्न सके मिडिया हाउस पनि दिगो रहने र पत्रकार तथा कर्मचारीले समयमा तलब मात्र होइन थप सुविधा पनि पाउन सक्ने भएकाले एकआपसमा हातेमालो गर्दै अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासंघकी नवनिर्वाचित केन्द्रीय अध्यक्ष निर्मला शर्माले आफू पनि श्रमजीवी पत्रकार भएकाले पत्रकार तथा मिडिया हाउसको समस्या बुझेको र आगामी दिनमा दुवै संस्थाबीच हातेमालो गर्दै अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो। अध्यक्ष शर्माले मिडिया सञ्चालकहरूको सुझावलाई मध्यनजर गरी आगामी दिनमा काम गर्ने र श्रमजीवी पत्रकार तथा मिडिया हाउसलाई दिगो बनाउने पक्षमा आफ्ना तीन वर्ष बित्ने बताउनुभयो।

सो कार्यक्रममा महासंघका नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना दिँदै नेपाल समाचारपत्रका सम्पादक सागर पण्डितले नेपालको पछिल्लो समयको पत्रकारिता मूलधारबाट बाहिरिएर 'प्रोप्रोगान्डा'तर्फ लाग्नु मुलुककै लागि खतराको विषय भएकाले पत्रकारितालाई व्यावसायिक र मर्यादित बनाउनुपर्ने बेला आइसकेको तर्फ महासंघका पदाधिकारीहरूको ध्यानाकर्षण गराउनुभयो।

(क्रमशः पृष्ठ ५ मा)

नौ सयले पाए टोपी

दोलखा, (नेस) । भीमेश्वर नगरपालिका-७ ले आफ्नो वडाभित्रका शिक्षक र विद्यार्थीलाई न्यानो टोपी वितरण गरेको छ।

वडा नम्बर ७ का वडाध्यक्ष विनोद मोक्तान तमाङको पहलमा कोच नेपालका सीईओ सिमोन खत्रीले वडा नम्बर ७ भित्रका शिक्षक, विद्यार्थी, स्वास्थ्य चौकीका कर्मचारी गरी ९ सयभन्दा बढीलाई न्यानो टोपी वितरण गरिएको हो।

चिसो मौसममा पढाइ र स्वास्थ्य सेवा प्रभावित नहोस् भन्ने उद्देश्यले पहिलो चरणमा कोच नेपालका सीईओ सिमोन खत्रीमार्फत न्यानो टोपी वितरण गरिएको वडा नम्बर ७ का वडाध्यक्ष तमाङले बताउनुभयो।

छिमेक बजार ब्यवस्था कम्पनी लिमिटेड

केन्द्रीय कार्यालय, मध्ये बानेश्वर-३१, काठमाण्डौ
फोन ०१-४४८४२२७

चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०९/०७)

यहि मिति २०८१/०९/०४ गते बसेको संचालक समितिको १२४औं बैठकको निर्णय अनुसार यस कम्पनीको १४औं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८१/०९/२९ गते सोमबार (तदनुसार १३ जनवरी, २०२५
समय : दिनको २ :०० बजे ।
स्थान : हेटौडा स्थित होटल सामनाको सभाहल ।

छलफलका विषय सुची :

१. सामान्य प्रस्ताव :
(क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने बार्षिक प्रतिवेदन छलफल तथा पारित गर्ने,
(ख) लेखापरीक्षकको प्रतिवेदन तथा आ.व.२०८०/०८१ को वासलात, नाफा नोक्सान र नगद प्रवाह विवरण पारित गर्ने,
(ग) आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारीश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री P.L.R.G. Associates ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछ ।) ।
२. विविध :

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धमा थप जानकारी :
१. हाल कायम शेयरधनी महानुभावहरुको ठेगानामा संचालकको प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन र वार्षिक आर्थिक प्रतिवेदन पठाइनेछ । कारणवस उपरोक्त सुचना तथा प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यसै सुचनालाई आधार मानि आफ्नो परिचय खुल्ने कुनै आधिकारीक प्रमाणपत्र साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गरिन्छ ।
२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका दिनको १:०० बजेदेखि खुल्ला रहनेछ ।
३. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा कम्पनीको शेयरधनीहरुलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०८१/०९/२७ गते ०२:०० बजे (अर्थात् सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै) भित्र कम्पनीको मध्ये बानेश्वर-३१, काठमाण्डौ स्थित केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।
४. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञांसा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।
५. कुनै शेयरधनी महानुभावहरुलाई कम्पनी सम्वन्धमा केही जिज्ञासा भए त्यस्तो व्योहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै कम्पनीको केन्द्रिय कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिनेछैन ।
६. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको १५ दिने सूचना

प्रकाशित मितिः २०८१/०९/०७, आइतबार

यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय कुपण्डोलबाट तपसिलमा उल्लेखित ऋणीहरुले निम्नानुसारको कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिंदाका बखत तोकिएको शर्त सम्झौता अनुसार कर्जाको तिर्नुपर्ने साँवा, व्याज तथा अन्य लेना रकम भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको तथा पटक-पटक मौखिक एवं लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा अन्य लेना रकम बुझाउन तथा चुक्ता गर्न ऋणी तथा धन जमानी बस्ने सबैलाई अनुरोध गरिन्छ । अन्यथा उक्त म्याद भित्र पनि कर्जा चुक्ता भुक्तान हुन नसकेमा यस वित्तीय संस्थासँग भएको शर्त कबुलियत तमसुक समेतको आधारमा प्रचलित नियम कानून अनुसार कर्जामा लेखाई दिएको तपसिल बमोजिमको धितो सुरक्षण बापतको जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी कर्जा असुल उपर गरिने हुँदा सो धितो सुरक्षण जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरिने भएकोले के कति मूल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको लिलामी शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र दाखिल गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन (सो दिन बिदा परे सोको पछि कार्यालय खुलेका दिन) यस संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल ललितपुरमा दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, जमानीकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्वद्ध सबैमा अनुरोध छ । सोबाट यस वित्तीय संस्थाको सम्पूर्ण रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागी ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने तथा यस वित्तीय सस्थासँग भए गरेका लिखत अनुसार यस वित्तीय संस्थाको लेना रकम असुल उपर गर्न कार्यवाही अगाडी बढाउने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सवैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

ऋणीको नाम

विमला शाही
ना.प्र.नं.: ३३१३, काठमाण्डौं **जारी मितिः** २०५५/०६/२१ **बाबुको नामः** बुद्ध रत्न खड्गी
बाजेको नामः बेखा रत्न खड्गी **ठेगानाः** काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १५

व्यक्तिगत धनजमानी दिने

१. बुद्ध रत्न खड्गी
ना.प्र.नं.: ५८०९, काठमाण्डौ, जारी मितिः २०४३/०८/१९
बाबुको नामः बेखा रत्न खड्गी
बाजेको नामः माने खड्गी
ठेगानाः काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १५

२. सुरेश कुमार खड्गी
ना.प्र.नं.: ६८३७, काठमाण्डौ, जारी मितिः २०४६/१२/०७
बाबुको नामः बुद्ध रत्न खड्गी
बाजेको नामः बेखा रत्न खड्गी
ठेगानाः काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १५

३. राजु खड्गी
ना.प्र.नं.: ३५९६, काठमाण्डौ, जारी मितिः २०५५/०६/२७
बाबुको नामः बुद्ध रत्न खड्गी
बाजेको नामः बेखा रत्न खड्गी
ठेगानाः काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १५

४. रमेश खड्गी शाही
ना.प्र.नं.: २६२७८, काठमाण्डौ, जारी मितिः २०६२/०८/२७
बाबुको नामः बुद्ध रत्न खड्गी
बाजेको नामः बेखा रत्न खड्गी
ठेगानाः काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १५

धितोको विवरण

१. विमला शाहीको नाममा स्वयम्भु घ्याङगुठीमा मोही दर्ता कायम रहेको मालपोत कार्यालय कलंकी, काठमाण्डौंमा दर्ता रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १५ स्थित सिट नं १०२१०६२१५ कि.नं. १३१ क्षेत्रफल ४४.५० व.मी. जग्गा र सोमा बनेको घर तथा सोले चर्चेको लिगलगापात समेत ।
२. वुद्ध रत्न खड्गीको नाममा स्वयम्भु घ्याङगुठीमा मोही दर्ता कायम रहेको मालपोत कार्यालय कलंकी काठमाण्डौंमा दर्ता रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १५ स्थित सिट नं १०२१०६२१५ कि.नं. १३२ क्षेत्रफल ४४.५० व.मी. जग्गा र सोले चर्चेको लिगलगापात समेत ।

लिलामीका शर्तहरू
१. गोप्य शिलबन्दी बोलपत्र फाराम यस संस्थाको केन्द्रिय कार्यालय कुपण्डोल ललितपुरबाट रु. १,०००।०० तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ । फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन ।
२. गोप्य शिलबन्दी बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ ।
३. गोप्य शिलबन्दी बोलपत्रका साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको Good For Payment को चेक बोलपत्रसाथ पेश गर्नु पर्ने छ ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ ।
५. लिलामीमा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थाको केन्द्रिय कार्यालय कुपण्डोलमा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ ।
६. बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराएको १५ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्ने छ । म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुनेछ ।
८. गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंमले नै व्यहोर्नु पर्ने छ ।
१०. यो सूचना प्रकाशित भईसकेपछि धितो सुरक्षण लिलामी सम्पन्न हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरेमा लिलाम प्रक्रिया रद्द गरी धरौटी बापत जम्मा भएको रकम सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिने छ ।
११. बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दावी गर्न पाइने छैन ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ साल पौष महिना २१ गते आइतबार कार्यालय समय भित्र ।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ साल पौष महिना २२ गते सोमबार दिनको ३ बजे ।
बोलपत्र खोलिने स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

इट्टा व्यवसायीद्वारा निर्देशन अवज्ञा

सञ्जय कार्की, रौतहट

पुस मसान्तसम्म इट्टा पोल्ने कार्य बन्द गर्न जिल्ला प्रशासन कार्यालय रौतहटले दिएको निर्देशन अधिकांश इट्टा व्यवसायीले अवज्ञा गरेका छन्। गएको पुस १ गते प्रशासनले सबै इट्टा व्यवसायीलाई सो नितर्देशन दिएको थियो।

प्रदूषण न्यूनीकरण गर्न एवं कामदारको स्वास्थ्य अवस्था बिग्रन नदिन इट्टा पोल्ने कार्य पुस मसान्तसम्म नगर्न सूचना जारी गरे पनि अधिकांश इट्टा व्यवसायीले अवज्ञा गर्दै इट्टा पोल्दै आएका छन। घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटले इट्टा उद्योगबाट हुने प्रदूषण न्यूनीकरण गर्न एवं कामदारको स्वास्थ्यलाई समेत ध्यान दिई इट्टा पोल्ने कार्य प्रत्येक वर्षको पुस मसान्तपछि मात्र शुरु गर्न जिल्ला प्रशासन कार्यालय रौतहटलाई अनुरोध गरेको थियो।

सूचनालाई अवज्ञा गरे प्रचलित कानुनबमोजिम कारबाही गर्ने जिल्ला प्रशासन कार्यालयले जनाएको थियो। राजमार्गबाट समेत इट्टा व्यवसायीले इट्टा पोलेको सहजै देखिए पनि प्रशासन मौन बसेको छ। अधिकांश इट्टा उद्योगको बम्बाबाट आगोको मुस्लो निस्केको देखिन्छ भने कामदारलाई समेत प्रयोग गरेको पाइएको छ।

प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले भने इट्टा व्यवसायी र घरेलु तथा साना उद्योग कार्यालयसँगको छलफलपछि केही इट्टा व्यवसायीले मानमा इट्टा राखिसकेकाले पोल्न दिने सहमति भएको बताउनुभएको. छ।

गोप्य शिलवन्दी बोलपत्रद्धारा धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित : २०८१।०९।०७ गते
सूचना नं : ६६-०८१/०८२

यस संघबाट तपशिलमा उल्लेखित ऋणी संस्था एवं धितो जमानीकर्ताले उपभोग गरेको कर्जाको सांवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा सूचना गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यो धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरीएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्बसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी संस्था तथा धितो जमानीकर्ताले संघको लेना रकम ३५ दिन भित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं । अन्यथा सूचना प्रकाशित भएको ३६ औ दिनमा प्राप्त बोलपत्र खोलिने छ, साथै लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्बक बोलपत्र नपरेमा वा धितोकर्ताले समेत आफुले दिएको जमानतको घरजग्गा फिर्ता लिन कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संघको विनियम र अन्तरलगानी नीतिले दिएको अधिकार प्रयोग गरी संघलाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पत्ती पुनः लिलाम बिक्री वा यस संघ आफैले सकार गरी लिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा संघ आफैले सकार गर्दा साबिकमा संघबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो, हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संघ आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस संघको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सुचिमा समाबेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ।

तपशिल :

ऋणी सस्थाको नाम : शिखर बचत तथा ऋण सहकारी संस्था लि, बिर्तामोड न.पा. वडा नं ४, झापा
संचालकहरुको विवरण
१. अध्यक्ष : दिपेन्द्र राउत, बाबुको नाम : मजेन्द्र प्रसाद राउत, बाजेको नाम : भक्त बहादुर राउत
२. उपाध्यक्ष : सुचित्रा मेचे, बाबु/पतिको नाम : जलिन्द्रनाथ मेचे/जितेन्द्र मेचे, बाजेको नाम : बलराम मेचे
३. सचिव : हिमालय प्रसाई, बाबुको नाम : तुलसी प्रसाद प्रसाई, बाजेको नाम : लक्ष्मी प्रसाद प्रसाई
४. सह सचिव : तारा खतिवडा, बाबुको नाम : लक्ष्मी प्रसाद खतिवडा, बाजेको नाम : नरपति खतिवडा
५. कोषाध्यक्ष : विजय कुमार चापागाई, बाबुको नाम : केवलनाथ चापागाई, बाजेको नाम : महेश्वर चापागाई
६. सदस्य : विज्ञान खड्का, बाबुको नाम : राम बहादुर खड्का, बाजेको नाम : मोहन बहादुर खड्का
७. सदस्य : मदन विश्वकर्मा, बाबुको नाम : लाल बहादुर विश्वकर्मा, बाजेको नाम : खड्ग बहादुर विश्वकर्मा
८. सदस्य : योगेश पौडेल, बाबुको नाम : चेतनाथ पौडेल, बाजेको नाम : भगीरथ पौडेल
९. सदस्य : किरण कुमार थापा आले, बाबुको नाम : जित ब. थापा आले, बाजेको नाम : रन ब. थापा आले
१०.सदस्य : लक्ष्मी सेडाई, बाबु/पतिको नाम : भवानी प्र.सेडाई/मोहन प्रसाद खरेल, बाजेको नाम : टिका राम सेडाई
११.सदस्यः हरिमाया लम्साल, बाबु/पतिको नामः नर ब.लम्साल/देवेन्द्र कुमार राउत, बाजेको नामः रिसी राज लम्साल

धितोदाता एवं धितोको बिबरण
१. रंगलाल खतिवडाको नाती टिका राम खतिवडाको छोरा देवी प्रसाद खतिवडाको नाममा श्री मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको, झापा जिल्ला साबिक शान्तिनगर गा.वि.स/न.पा. बडा नं ४, नक्सा सिट नं ४, कित्ता नं १०८० र १०८१ को क्षेत्रफल क्रमशः २७०९.०४ र ३०४७.६७ व.मी.को जग्गा र सो ले चर्चेको लिगलगापात समेत।
२. कृष्ण प्रसाद सुबेदीको छोरी सचिन पोखरेलको श्रीमती कोपिला पोखरेलको नाममा श्री मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको, झापा जिल्ला साबिक गरामनी गा.वि.स/न.पा. बडा नं ९, नक्सा सिट नं १७९०३५८, कित्ता नं ४४४, ४५४, ४५३ र ४४३ को क्षेत्रफल क्रमशः १०१५.८९, १०१५.८९, १०१५.८९ र १०१५.८९ व.मी.को जग्गा र सो ले चर्चेको लिगलगापात समेत।
३. तुलसी प्रसादको बुहारी हिमालय प्रसाईको श्रीमती क्लारो भिलारमिनो छोरी क्रिस्टीना भिलारमिनो प्रसाई र लक्ष्मी प्रसाद सिटौलाको बुहारी सरोज सिटौलाको श्रीमती कृष्ण प्रसादको छोरी ममता मैनालीको संयुक्त नाममा श्री मालपोत कार्यालय इलाममा दर्ता श्रेष्ता कायम रहेको, ईलाम जिल्ला साबिक फिक्कल गा.वि.स/न.पा. बडा नं १, नक्सा सिट नं १क, कित्ता नं ९३९, ९५१ र २३६ को क्षेत्रफल क्रमशः ९८९.५७, ४६९१.९२ र ६४९.८२ व.मी.को जग्गा र सो ले चर्चेको लिगलगापात समेत।
४. डिभिजन सहकारी कार्यालय झापाको दर्ता नं ३।१।७।४९२ (दर्ता मिति २०६७/०४/२१) रहेको, झापा जिल्ला, बिर्तामोड नगरपालिका वडा नं ५ स्थीत शिखर बचत तथा ऋण सहकारी संस्था लि.को नाममा श्री मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको, झापा जिल्ला साबिक अनारमनी गा.वि.स./न.पा. बडा नं ४, नक्सा सिट नं १७९०१२००१, कित्ता नं ७३, ३२८ र ७४ को क्षेत्रफल क्रमशः ३८.००, १३.०० र २४१.२० व.मी.को जग्गा र सो ले चर्चेको लिगलगापात समेत।

शर्तहरु
१. बोलपत्र फाराम यस संघको केन्द्रिय तथा सदस्य सेवा कार्यालयहरुबाट रु.५०० (अक्षेरुपी पांच सय) रुपैया मा फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
२. बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पतीको बिबरण यस संघबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिबरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ। बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी वोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संघको केन्द्रिय कार्यालयको नाममा रहेको ग्लोबल आई.एम.ई बैंक, बानेश्वरमा रहेको खाता नं १७२०१०१००००३०५ मा जम्मा गरेको सक्कल भौचर वा यस संघमा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगाबै यस संघको केन्द्रिय कार्यालय बानेश्वरमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न सकिनेछ। साथै सोहि अबस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पुर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ। नामसारी गर्दा लाग्ने दस्तुर, पुँजिगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पुर्ण कार्यगर्ने अधिकार संघमा निहित हुनेछ।
९. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ। धरौटी स्वरुप राखेको रकममा ब्याज दाबि गर्न पाईनेछैन।
१०. उल्लेखित धितोपत्रहरुका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ।
११. लिलाम सूचना प्रकाशित भएको मितीले ३५ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ। उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ। लिलाम सूचना प्रकाशित मितिले ३६ औ दिन दिउसो कार्यालय सञ्चालन समय भित्र संघको बिर्तामोड सेवा केन्द्र, झापामा बोलपत्र खोलिनेछ। यदि ३६ औ दिनमा सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ। ३५ दिन सम्म ऋणी वा धितोवालाले संघको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ।
१२. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने ब्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। यदी बोलपत्र पेश गर्ने ब्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संघलाई बाधा परेको मानिने छैन।

यस सम्बन्धी विस्तृत जानकारीका लागि :

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)
नयाँ बानेश्वर, काठमाण्डौ । फोन नं. ०१ ४७९१९६३, ४७९०२०१
इमेलः nefscun@nefscun.org.np, nefscun329@gmail.com
नेफ्स्कून

पत्रकारको दुर्घटना बीमा

म्याग्दी, (नेस)

क्रियाशील पत्रकारका लागि प्रतिव्यक्ति १० लाख रुपियाँका दरले दुर्घटना बीमा कार्यक्रम शुरू भएको छ। नेपाल पत्रकार महासंघ जिल्ला शाखा म्याग्दीमार्फत जिल्लामा क्रियाशील पत्रकारलाई लक्षित गरेर बीमा सञ्चालन गरिएको हो।

गएको मंसिर २८ गते सम्पन्न नेपाल पत्रकार महासंघको २७औं महाधिवेशनअन्तर्गत म्याग्दी शाखाको सातौं जिल्ला अधिवेशन (निर्वाचन) बाट नवनिर्वाचित कार्यसमितिको पदस्थापनासँगै बुधबार बसेको पहिलो बैठकले पत्रकार दुर्घटना बीमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो। बैठकमा म्याग्दी जिल्लामा पछिल्लो तीन वर्षदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील रहेका पत्रकारहरूको दुर्घटना बिमा गर्ने निर्णय गरिएको छ।

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडसँगको समन्वयमा १० लाख रुपियाँको दुर्घटना बीमा गर्ने र बीमा शुल्क पत्रकार महासंघले बेहोर्ने निर्णय भएको महासंघको नवनिर्वाचित शाखा अध्यक्ष हरिकृष्ण गौतमले बताउनुभयो। 'कसैको पनि दुर्घटना नहोस् र लाभान्वित हुन नपरोस्' भन्ने अपेक्षासहित रिपोर्टिङको क्रममा भैपरी आउन सक्ने सम्भावित दुर्घटनापछिको राहतका लागि बीमा शुरु गरिएको उहाँको कथन छ।

दुर्घटनाबाट घाइते भएमा उपचारका लागि बीमितले १ लाख रुपियाँसम्मको लाभ पाउनेछन्।

जोरगणेश बचत तथा ऋण सहकारी संस्था लि.

का.म.पा. २३, ओम बहाल , काठमाडौ ।

२५ औं वार्षिक साधारण सभाको सुचना

यस जोरगणेश बचत तथा ऋण सहकारी संस्था लि. को २५ औं वार्षिक साधारण सभा निम्न विषयमा छलफल गर्न तपशिल बमोजिमको मिति , समय र स्थानमा बस्ने हुँदा शेयर सदस्यहरुलाई समयमा उपस्थित भईदिन हुन हार्दिक अनुरोध गर्दछौ । वार्षिक साधारण सभाको पुस्तिका विहान ८:०० वजे देखि नै सभा हलमा उपलब्ध गराइने हुँदा आफ्नो कुरा राख्नु पर्ने भए सम्वन्धित पदाधिकारी समक्ष राख्नु भई साधारण सभा सम्पन्न गर्न साथ दिनुनै हुने छ भन्ने आशा लिएका छौ ।

छलफल हुने विषयहरु :
१) संस्थाको सचिवबाट आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।
२) आ.व. २०८०/०८१ को लेखा परिक्षण पारित गर्ने ।
३) आ.व. २०८१/०८२ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
४) निर्णय प्रमाणित गर्न संचालक समितिका सवै सदस्यहरु र शेयर सदस्यहरुबाट ९ जना प्रतिनिधि चयन गर्ने ।
५) चुनाव ।
६) विविध

साधारण सभा हुने मिति , समय र स्थान :
स्थान - ओलम्पस क्लव , ओम बहाल, काठमाडौं
समय - बिहान ८:०० बजे
मिति- २०८१ पौष २७ गते , शनिवार

ब्लु इनर्जी लिमिटेड को

BLUE ENERGY

दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सुचना

शेयरधनी महानुभावहरु,
यस ब्लु इनर्जी लिमिटेड लि.को संचालक समितिको मिति २०८१ साल पुष १ गते सोमवार बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको दोश्रो वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति,समय र स्थानमा बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावह(रुको उपस्थितिका लागि अनुरोध गर्दछौं ।

साधारण सभा बस्ने :
मिति : २०८१ पुष २८ गते आईतबार (तदनुसार जनवरी १२,२०२५)
समय : बिहान ११.०० बजे
स्थान : कम्पनीको रजिर्ष्टड कार्यालय, काठमाडौं ३०

छलफलका विषयहरु :
सामान्य प्रस्ताव
१. आर्थिक वर्ष २०८०।०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०।०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनीको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालकहरुको पारिश्रमिक, भत्ता इत्यादी निर्धारण गर्ने सम्बन्धमा ।
५. संचालक समितिको कार्यहरुको अनुमोदन गर्ने ।
६. विविध ।

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

शिवम् फर्मास्युटिकल लिमिटेड

काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ८, महांकाल
सम्पर्क नं.-९८४१४२२९०८, इमेल : shivampharma2076@gmail.com

तेस्रो वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/०७ गते

यस कम्पनीको मिति २०८१ साल पौष महिना ०३ गते बुधवार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको तेस्रो वार्षिक साधारण सभा देहाय बमोजिमको मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा पारित गर्न बस्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा हुने मिति, समय तथा स्थान :
मिति : २०८१/०९/२७ गते ।
समय : विहान ११:०० बजे ।
स्थान : काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. ४, स्मार्ट दरबार (Banquet), शंखपार्क, प्रगति टोल ।

छलफलको लागि पेश गरिने विषयहरू :
क) साधारण प्रस्तावहरु :
१. आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात र मिति २०८० श्रावण देखि २०८१ आषाढ मसान्त सम्मको नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरि पारित गर्ने सम्बन्धमा।
३. आर्थिक वर्ष २०८१/०८२ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. सञ्चालक समितिको बैठक भत्ता तथा अन्य सुविधाहरु स्वीकृत तथा अनुमोदन गर्ने सम्बन्धमा ।
५. सञ्चालकको राजिनामा स्वीकृत गर्ने सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

ख) विशेष प्रस्तावहरु :
१. पुँजी वृद्दि गर्न प्रबन्धपत्र संशोधन गर्ने विशेष प्रस्ताव सम्बन्धमा ।
२. कम्पनीको अग्रेंजी नाममा भएको त्रुटि सच्याउन प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने विशेष प्रस्ताव सम्बन्धमा ।

ग) विविध ।

सञ्चालक समितिको निर्णय बमोजिम
सञ्चालक अध्यक्ष

विकास बोर्डको मास्टर क्लास सम्पन्न सिगरेटले जित्यो सर्वाधिक अवार्ड

चलचित्र विकास बोर्डको आयोजनामा राजधानीमा जारी ५ दिने *फिल्ममेकिङ मास्टरक्लास* शुक्रबार सम्पन्न भएको छ।

कार्यशालामा टिम सिक्स बडिज्ले निर्माण गरेको फिल्म *सिगरेट* अभिनय, निर्देशन, कला, स्कृप्ट, प्रोड्युसरसहित उत्कृष्ट चलचित्र बन्न सफल भयो। फिल्मको निर्देशन आरडि लामाले गरेका थिए भने कथा पनि उनकै थियो। त्यस्तै टिम युनिटीको *गिल्टीले* साउण्ड, छायांकन र सम्पादनको अवार्ड जितेको छ।

५८ जना फिल्मका विद्यार्थी तथा फिल्मकर्मीको सक्रिय सहभागिता रहेको मास्टर क्लासको अन्त्यमा सहभागीहरूले ७ समूह *फेम चेजर्स, टिम यूनिटी, टिम लायन, रोरिङ ईगल, सिक्स बडिज, टिम शुन्य* र *र्‍याण्डम क्रियटर्स* नाममा विभाजित भएर २४ घण्टामा लघु फिल्म निर्माण गरी प्रदर्शन गरेका थिए। अंग्रेजी र अन्य विदेशी फिल्मसरह दृश्य सोच तथा उत्पादन गर्न सक्ने क्षमता अभिवृद्धिको उद्देश्यका साथ शुरू गरिएको मास्टरक्लास अष्ट्रेलियामा फिल्ममा स्नातकोत्तर गरेका सरोज कुमार चौहानले नेतृत्व गरेका थिए।

चलचित्र विकास बोर्डको प्रेक्षालयमा सम्पन्न मुभि स्क्रिनिङ एवं फिल्म मेकिङ मास्टरक्लास क्लोजिङ समारोहको फिल्म प्रतिस्पर्धाको निर्णायकमा दिपेन्द्र गौचन, सुशन प्रजापति, पूर्णेन्दु झा, र गौतम धिमाल रहेका थिए। कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले सहभागी तथा विजेतालाई अवार्ड र प्रमाणपत्र प्रदान गरेका थिए।

भिडियोमा नाई नभन्नु ल



गायक तथा मोडल बसन क्षेत्रीले *नाई नाई नभन्नु ल* बोलको गीत सार्वजनिक गरेका छन्।

गीतमा गायक क्षेत्रीलाई स्वरमा गायिका एलिना चौहानले साथ दिएकी छन्। गीतमा शब्द रचना र संगीत शिवराज गौतमको रहेको छ भने भिडियो निर्देशन समेत शिवराज गौतमले नै गरेका छन्। सुमन मोक्तानको कन्सेप्टमा बनेको गीतको भिडियोमा कोरियोग्राफी सञ्जिला सुमित्रको छ। गीतको भिडियोमा गायक क्षेत्रीका साथमा कुसम शर्मा (सकम्बरी) को अभिनय छ। गीतको भिडियोमा हट देखिएकी कुसुमले बसनसँग रोमान्स गरेकी छिन्। भिडियोमा युनिका अछामी, रमिता बलामी अनिता तामाङ, आस्था गुरुङ, पुनम तामाङ, रेकिशा खत्री, अंकित क्षेत्री, पवनजंग रोकाया, प्रितम तामाङ, नामगेल शेर्पा, सुसन तामाङ, लक्ष्मणलगायत कोरस कलाकार रहेका छन्।

छायांकन, सम्पादन र कलरिङ जोन राईको रहेको भिडियो साझा टिभी युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो।

CIVIL AVIATION AUTHORITY OF NEPAL (CAAN)

Gautam Buddha International Airport Civil Aviation Office

Siddharthanagar 04, Rupandehi

Invitation for Bid

Date of publication: 2081/09/07 (22th Dec, 2024)
Phone No: 977-71-597030 Email:gbairportoffice@gmail.com

1. The Gautam Buddha International Airport Civil Aviation Office, Sidhharthanagar, Rupandehi invites electronic bids from eligible bidders for the procurement of following:
   "Supply and Delivery of Spare Tyres for Fire Vehicle at GBIACAO,ncb-05/GBIA/081-82"
2. Eligible bidders may obtain further Information and inspect the bidding documents at http://www.bolpatra.gov.np/egp.
3. Any additional matters not covered by this shall be in accordance with the prevailing Procurement Act, 2063 and Procurement Regulation, 2064.

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Koshi and Bakraha River Management Project
Morang

Invitation for online Bids

(Date of publication: 2081-09-07 (22th December, 2024)

1. **Koshi and Bakraha River Management Project**, Morang invites **online bids only** under e-procurement system from eligible bidders for the construction of Works mentioned below under National Competitive Bidding: All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

S. N.	Works Descriptions	Contract ID	Bid Doc. Fee (NRs)	Total Estimated Amount with VAT (NRs)	Bid Security Amount NRs.
1	Construction of Delivery Line with Supply and installation of solar panel and Solar pumps of Sattare Arun Solar Lift Irrigation Sub Project, Chainpur Na. Pa. 11, Sat-tare, Sankhwasabha	KBRMP/ SAT-TARE LIP/2081-082/ NCB/01	3000	*14,361,726.84*	*3,80,000.00*

2. Information to deposit the cost of bidding document in Bank.
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: **Koshi and Bakraha River Management Project**, Morang Office Code no: 308031304
   Revenue Account no: 0100201277009016 Rajshwa Shirshak.: 14229

Project Chief

Provincial Government
Ministry of Water Supply, Irrigation and Energy

Kankai Irrigation Management Office (KIMO)

Koshi Province, Gainde, Jhapa

Invitation for Bids

Date of First Publication: 7th Poush, 2081 (22nd Dec, 2024)

1. **Kankai Irrigation Management Office** invites bids from duly registered eligible bidders for the following works under National Competitive Bidding- **Single Stage Single Envelope Bidding procedures.**

Contract Package ID	Description and Location of works	Bid Security Amount (NRs)	Price of Bid-Document NRS.	Estimated Cost (With Vat & PS)
KIMO/WORKS/ NCB-05/2081-82	Construction of RCC Canal Lining & Hume Pipe Culvert at Main Canal (R-V) and RCC Canal Lining & other related works at Secondary Canals S-0, S-2, S-3 & S-12 of KIS, Jhapa	NRS. 3,90,000.00	NRs. 3,000.00	NRs. 1,39,42,040.00
KIMO/WORKS/ NCB-06/2081-82	Construction of RCC Canal Lining at S-1, S-7, S-13, S-14'A' Secondary Canals & Division Box At S-16 Secondary Canal of KIS, Jhapa	NRS. 3,60,000.00	NRs. 3,000.00	NRs. 1,28,72,150.00

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO e-GP system ***www.bolpatra.gov.np/egp*** or office email address ***kis.gov2072@gmail.com.***
3. Bidders download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Office Chief

नेपाल हाईड्रो एण्ड ईलेक्ट्रिक लिमिटेडको बिसौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

नेपाल हाईड्रो एण्ड ईलेक्ट्रिक लिमिटेडको २०८१ साल पौष ५ गते (तद्नुसार २० दिसेम्बर, २०२४) मा बसेको संचालक समितिको २२४औ बैठकले कम्पनीको बिसौं बार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम २०८१ साल पौष २९ गते सोमवार (तद्नुसार १३ जनवरी, २०२५) का दिन विहान ११:३० बजे जिल्ला रुपन्देही, बुटवल उप-महानगरपालिका, स्थित कम्पनीको रजिष्टर्ड कार्यालयमा बस्ने र सभाको प्रस्ताव समेत निर्धारण समेतको निर्णय गरेकोले उक्त दिनहुने वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा रितपूर्वक प्रतिनिधि मुकरर गरि पठाइदिनु हुन सबै शेयरधनी महानुभावहरुमा अनुरोध गरिएको छ। साथै संस्थागत शेयरधनीले शेयरधनीको हैसियतले सभामा भागलिन रितपूर्वक प्रतिनिधि मुकरर गरि पठाइदिनु हुन अनुरोध गरिएको छ।

बिसौं बार्षिक साधारण सभाहुने:
मिति : २०८१ साल पौष २९ गते सोमवार (तद्नुसार १३ जनवरी, २०२५) का दिन
समय : विहान ११:३० बजे
स्थान : जिल्ला रुपन्देही, बुटवल उप-महानगरपालिका, बुटवल स्थित कम्पनीको रजिष्टर्ड कार्यालय

बिसौं वार्षिक साधारण सभामा छलफलको लागि पेश गरिने प्रस्तावित बिषयहरु :
साधारण प्रस्तावहरु :
(१) सभाको वैधानिकताबारे छलफल।
(२) वार्षिक साधारण सभाको लागिआ.व.२०८०/८१को संचालक समितिको प्रतिवेदन प्रस्तुतगर्ने।
(३) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाहको बिवरण प्रस्तुत गर्ने।
(४) आ.व. २०८१/८२ मा संस्थाको हर हिसाबको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने।
(५) लाभांश वितरण (नगद र बोनस सेयर लाभांश): १०.५३% नगद लाभांश (जसमा १०% नगद लाभांश र ०.५३% सो लाभांशमा लाग्ने कर भुक्तानि कालागि) तथा १०% बोनस सेयर प्रस्ताव गरिएकोले सो लाभांशमा लाग्ने कर भुक्तानिका लागि नगद ०.५३%।
(६) विविध।

विशेष प्रस्तावहरु:
(७) सञ्चालक समितिको निर्णय बमोजिम १०% बोनस शेयर र लागू हुने कर भुक्तानिका लागि नगद ०.५३% बराबरको रकमको स्वीकृति।
(८) बोनस शेयर जारी गर्दा कम्पनीको चुक्तापूँजी बढाउनको लागि कम्पनिको पूँजी बृद्धि गर्नु पर्ने भएकोले प्रबन्धपत्रको दफा ५(ख) र नियमावलिको नियम ५(ख) मा संसोधन गरि पुँजि बृद्धि गर्ने सम्बन्धमा।
(९) नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड (NIMB) बाट ऋण सीमा (बैंकको क्रेडिट सुविधा) को स्वीकृति।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

NEPAL CLEARING HOUSE
नेपाल राष्ट्र बैंकबाट "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था

ECC चेकबाट कारोबार गरौं | IPS सरल भुक्तानीको माध्यम | connectIPS pay direct from bank | connectRTGS | NPI | CORPORATE PAY | NPS National Payment Switch | NEPALPAY | EFT Card Services

तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित हुने मिति २०८१/०९/०७)

श्री शेयरधनी महानुभावहरू,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१/०९/०६ मा बसेको २५९औं बैठकको निर्णय बमोजिम यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभा देहाय बमोजिमका मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, स्थान र समय :-

मिति : २०८१ साल पुस महिना २८, आइतबार (तदनुसार 12th January 2024, Sunday)
स्थान : काठमाडौं म्यारियट होटल, नक्साल, काठमाडौं।
समय : बिहान ११:४५ बजे

छलफल गर्ने विषयहरु :-

क. साधारण प्रस्तावः
१. सञ्चालक समितिको आ.व. २०८०/८१ को प्रतिवेदन पारित गर्ने।
२. लेखापरीक्षण प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद-प्रवाह विवरण स्वीकृत गर्ने।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १ प्रतिशत नगद लाभांश (रु. १,०६,५७,७३९) बोनस शेयर वापतको कर प्रयोजनका लागि स्वीकृत गर्ने।
४. आ.व. २०८१/८२ को लागि वाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरीक्षक श्री जे.बि. राजभण्डारी एण्ड डिभिन्स् पुनः नियुक्त हुन योग्य रहनु भएकोले लेखापरीक्षण समितिबाट पुनः नियुक्तिको निमित्त सिफारिस भएको।)
५. सञ्चालकको बैठक भत्ता तथा सुविधा बृद्धि स्वीकृत गर्ने।
६. कम्पनीको नियमावली अनुसार समूह "ख-१" का शेयरधनीको तर्फवाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन जना सञ्चालकहरुको चयन गर्ने।

ख. विशेष प्रस्तावः
१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १९ प्रतिशत बोनस शेयर (दशमलबलाई राउन्ड गर्दा हुन आउने २०,२४,९७० कित्ता) स्वीकृत गर्ने।
२. अधिकृत पूँजी वृद्धि गर्न र बोनस शेयर बराबर चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्रको संशोधन स्वीकृत गर्ने।
३. नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षण प्रतिवेदन, २०८१ मा दिइएका निर्देशनहरुको कार्यान्वयन गर्न नियमावलीको संशोधन स्वीकृत गर्ने।
४. प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव प्राप्त हुन आएमा आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने अख्तियारी दिने।

ग. विविध।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) शेयरधनीज्यूहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको वेभसाइट www.nchl.com.np मा पनि हेर्न सकिनेछ। कुनै कारणले प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनीज्यूहरूले यस कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा शेयरधनी प्रमाण-पत्र प्रस्तुत गरी सो प्राप्त गर्न सक्नु हुनेछ।
(२) लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु कम्पनीको रजिष्ट्रर्ड कार्यालय, कमलादी काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपी माग गरेमा प्रतिलिपी दिने व्यवस्था मिलाईएको छ।
(३) सभामा उपस्थित हुने शेयरधनी कम्पनीको प्रतिनिधित्व गर्ने आधिकारिक पत्र साथमा लिई आउनुहुन अनुरोध छ। कथम कदाचित् सो सम्भव नभए शेयरधनी प्रमाण-पत्र साथमा लिई आउनुहुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।
(४) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीज्यूहरूले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ।
(५) शेयरधनीज्यूहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ११:३० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ।
(६) अन्य कुनै जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ।

नेपाल क्लियरिङ्ग हाउस लिमिटेड
तेश्रो तल्ला, डि. डि. प्लाजा, कमलादी, काठमाडौं
पो.ब.नं. २१४००, फोन नं. ०१-५९७००६५
www.nchl.com.np

सम्पादकीय

खर्च व्यवस्थापनमा चुनौती

चालु आर्थिक वर्षको पाँचौ महिना भर्खरै सकिएको छ। करिब आधा अवधिसम्म सरकारको खर्च र आम्दानीको तथ्याङ्कलाई हेर्दा सन्तोष गर्न सक्ने ठाउँ भनेछैन। बजेट सन्तुलन हुन नसक्दा यस अवधिमा सरकारलाई करिब एक खर्ब रुपियाँ घाटा देखिएको महालेखा नियन्त्रण कार्यालयको तथ्याङ्कले देखाउँछ।

साउन–मंसिरसम्म सरकारले ४ खर्ब ५७ अर्ब ७ करोड ३० लाख रुपियाँ आम्दानी गर्दा खर्च भने ५ खर्ब ५६ अर्ब ११ करोड ७७ लाख रुपियाँ गरेको छ। खर्चअनुसार आम्दानी हुन नसक्दा सरकारले आन्तरिक र बाह्य ऋण लिएर खर्च व्यवस्थापन गर्दै आएको छ। जसका कारण विकास खर्चभन्दा ऋणको साँवा ब्याजमा मात्रै एक खर्बभन्दा बढी खर्च पाइन्छ। पुँजीगत खर्चमा देखिएको न्यूनताले देशको समग्र अर्थतन्त्र नै प्रभावित भएको छ। राजस्वको ठूलो खर्च चालु खर्च र ऋणको सावाँ ब्याज भुक्तानीमा खर्च हुँदा विकास निर्माणको काम सुस्त गतिमा रहेको छ। त्यति मात्रै होइन राजस्व सङ्कलनको स्थिति पनि सन्तोषजनक छैन। पाँच महिनाको अवधिमा ३ खर्ब ९९ अर्ब ५९ करोड ८९ लाख रुपियाँ राजस्व उठेको छ। यो लक्ष्यको २८ दशमलव १५ प्रतिशत हो। चालु आर्थिक वर्षमा सरकारले १४ खर्ब १९ अर्ब ३० करोड ३० लाख रुपियाँ राजस्व संकलनको लक्ष्य राखेको छ। सरकारले राजस्वको लक्ष्य भेट्टाउन हरेक महिना करिब १ खर्ब १९ अर्ब रुपियाँ अर्थात् चार महिनामा ५ खर्ब ९५ अर्ब रुपियाँ राजस्व संकलन गर्नुपर्ने हुन्छ।

साउन ९४ अर्ब, भदौमा ७२ अर्ब, असोजमा ८१ अर्ब र कार्तिकमा ७६ अर्ब र मंसिरमा ७७ अर्ब रुपियाँको हाराहारीमा राजस्व उठेको छ। पाँच महिनाको अवधिमा कर राजस्व ३ खर्ब ६२ अर्ब ५८ करोड ५ लाख अर्थात् लक्ष्यको २८ दशमलव २३७ प्रतिशत र गैर कर राजस्व ३७ अर्ब १ करोड ८४ लाख रुपियाँ अर्थात् लक्ष्यको २७ दशमलव ४ प्रतिशत उठेको छ।

यस अवधिमा सरकारले अनुदानवापत कुनै आम्दानी गर्न सकेको छैन। अन्य आम्दानी ६ अर्ब १७ करोड ४१ लाख रुपियाँ गरी सरकारले मङ्सिर मसान्तसम्म ४ खर्ब ५७ अर्ब ७ करोड ३० लाख रुपियाँ अर्थात् लक्ष्यको २७ दशमलव ५६ प्रतिशत मात्रै रहेको छ। चालु आवमा सरकारले कर राजस्वबाट १२ खर्ब ८४ अर्ब २० करोड ९६ लाख रुपियाँ आम्दानी गर्ने लक्ष्य राखेको छ। त्यस्तै गैर कर राजस्वतर्फ १ खर्ब ३५ अर्ब ९ करोड ३४ लाख रुपियाँ सङ्कलन गर्ने लक्ष्यसहित चालु आर्थिक वर्षमा सरकारले १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख रुपियाँ आम्दानी गर्ने लक्ष्य राखेको छ।

त्यस्तै पाँच महिनाको अवधिमा सरकारले विनियोजन बजेटको २९ दशमलव ८९ प्रतिशत बजेट खर्च गरेको छ। चालु आर्थिक वर्षमा सरकारले १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रुपियाँ बजेट खर्च गर्ने लक्ष्य राखेको छ। सरकारको कुल खर्चमध्ये चालु खर्चतर्फ ३ खर्ब ६३ अर्ब ५५ करोड १४ लाख रुपियाँ रहेको छ। यो लक्ष्यको ३१ दशमलव ८७ प्रतिशत हो। सरकारले यस वर्ष ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख रुपियाँ चालु खर्च गर्ने लक्ष्य राखेको छ।

त्यस्तै पुँजीगत खर्च भने जम्मा ४० अर्ब ८० करोड ६ लाख रुपियाँ अर्थात् लक्ष्यको ११ दशमलव ५८ प्रतिशत भएको छ। सरकारले यस वर्ष ३ खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपियाँको विकास निर्माणका लागि पुँजीगत खर्च गर्ने योजना बनाएको छ।

सरकारी ऋणको सावाँ ब्याज तिर्न सरकारले वित्तीय व्यवस्थातर्फ पाँच महिनामा १ खर्ब ५१ अर्ब ७६ करोड ५७ लाख रुपियाँ अर्थात् लक्ष्यको ४१ दशमलव ३२ प्रतिशत खर्च गरेको छ। चालु आर्थिक वर्षमा वित्तीय व्यवस्थापनका निम्ति ३ खर्ब ६७ अर्ब २८ करोड ४५ लाख रुपियाँ बजेट विनियोजन गरेको छ। लक्ष्यअनुसारको राजस्व र वैदेशिक अनुदान प्राप्त हुँदा पनि यस वर्ष सरकारलाई ५ खर्ब ४७ अर्ब ६७ करोड रुपियाँ बजेट अपुग हुनेछ। अपुग रकम पूर्ति गर्न सरकारले वैदेशिक ऋणबाट २ खर्ब १७ अर्ब ६७ करोड र ३ खर्ब ३० अर्ब रुपियाँ र बाँकी आन्तरिक ऋण लिनुपर्ने हुँदा यसको असर आगामी आर्थिक वर्षमा पनि पर्ने भएकाले सरकारले दूरगामी सोचका साथ नीति, योजना र कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ।

कुशासकको शासनले ल्याएको निराशा



केशव अधिकारी

> त्यसको बदलामा बरु आम जनतालाई कसरी ढाँटेरै भए पनि गुमराहमा राख्ने र आफ्ना व्यक्तिगत स्वार्थका कर्ममा केन्द्रित हुने भन्ने क्रम बढेर जान थाल्यो। कोही शासकले केटाकेटीको खेलजस्तो तमासा देखाएर गए। कसैले अरूलाई सरापेर आफूलाई काम गर्न नदिएको आरोप लगाएर गए। हाम्रा प्राय: सबैजसो शासक विदेशीका नोकर बन्न पुगे। जसका कारण मालिक देशले जे जस्ता काम गर्नु भनेर आदेश जारी गर्छन्। उनीहरूले त्यस्तै खालका कर्म गर्दै गए। जसले जनतामा निराशा छायो।

एक सय चारवर्षे राणा शासन कालका शासकहरूले नेपालको शासन व्यवस्थालाई कहिल्यै जीवन्त बनाउने काम गरेनन्। २००७ सालपछिका शासनका विभिन्न नाम र शासकका नाम फेरिए। राणाबाहेकका नेपाली जनताका छोराछोरी शासक बने। जनतालाई आश्वासनका धेरै थरिका पोका बाँडे। तर, अन्तमा आम जनताले अनुभूत गर्ने गरी शासन व्यवस्थालाई सञ्चालन गर्न नसकेको विषय ज्यादै खड्केको विषय बन्न पुग्यो।

१०४ वर्षे राणा शासन बृटिस इण्डिया कम्पनी सरकारको आड भरोसामा लामो समय टिक्यो। २००७ सालपछिका सबैजसो शासकले पनि आफ्नो कुनै पनि सही र दृढ दृष्टिकोण बनाएर शासन गर्न नसकेकै हुन्। देशको वर्तमानको समस्या के हो ? त्यसलाई कसरी सम्बोधन गरेर समाधानार्थ प्रयास अगाडि बढाउने ? भन्ने बारेमा प्राय: कुनै पनि शासकले सोच विचार राखेको पाइँदैन। त्यसको बदलामा बरु आम जनतालाई कसरी ढाँटेरै भए पनि गुमराहमा राख्ने र आफ्ना व्यक्तिगत स्वार्थका कर्ममा केन्द्रित हुने भन्ने क्रम बढेर जानथाल्यो। कोही शासकले केटाकेटीको खेलजस्तो तमासा देखाएर गए। कसैले अरूलाई सरापेर आफूलाई काम गर्न नदिएको आरोप लगाएर गए। हाम्रा प्राय: सबैजसो शासक विदेशीका नोकर बन्न पुगे। जसका कारण मालिक देशले जे जस्ता काम गर्नु भनेर आदेश जारी गर्छन। उनीहरूले त्यस्तै खालका कर्म गर्दै गए। जसले जनतामा निराशा छायो।

आफ्नो जिम्मेवारीप्रतिको दायित्व बोध नभएपछि होस् कि कुनै दूर दृष्टिकोणको अभाव भएर होस् अन्तमा हुने र गर्ने काम यस्तै हुन भन्ने जनतालाई लागिसकेको छ।

हाम्रा शासकहरूले रामायणका श्लोक पढेर कण्ठस्थ गरेका छन्। कृष्ण चरित्र पढेका छन् र रामले रावणलाई मारेका कुरा थाहा पाएका छन्। कंशलाई कृष्णले मारेका थिए भनेर पनि पढेका वा सुनेका छन्। तर रामायण र कृष्णचरित्रका ती पात्रहरू किन मारिए ? भन्ने कुरा यिनको दिमागभित्र प्रश्नको रूपमा गढेको पाइँदैन। अहिले उनीहरूको कुशासनबाट असन्तुष्ट भएका सचेत जनताले उनीहरूको विरोध गरेर कालो झण्डा देखाउँदा, होस् कि लखेट्दा होस् रामायणका ती मारिने पात्रका भन्दा अधिक मात्रमा तिमीहरूले कुकर्म गर्दै छौ भनेर चेतावनी दिएको हो। तर त्यो जनताको जावो चेतावनीलाई शासकजस्तो उच्च पदमा आसिन भएको व्यक्तिले किन टेर्नुपर्ने वा किन डर्नुपर्ने ? भन्नेजस्ता घमण्डका खाडलमा डुबुल्की मार्दै आउँदै छन्, हाम्रा शासक। शासक मात्र होइन कि चाहिनेभन्दा अधिक घमण्ड पालेर बाँचेको जोसुकै व्यक्ति किन नहोस् उसले आफूभन्दा साना मान्छेलाई मान्छेका रूपमा हेर्दैनन्। रामायण र कृष्ण चरित्रका ती दुवै मारिने पात्र रावण र कंश पनि कम अभिमानी थिएनन।

जीवन्त शासन भन्नाले एउटा सार्वभौम सत्ता सम्पन्न देशका अनेक प्रदेश, जिल्ला, अञ्चल, क्षेत्र आदिजस्ता एकाइ रहेका हुन्छन्। तिनमध्ये कुन प्रदेश वा कुन राज्य वा अञ्चल जे भनौं को तीव्र विकाश भयो तर अर्को कुनै प्रदेशको विकास त्यो गतिमा किन हुनसकेन भनेर नियाल्ने र समानुपातिक विकासको बाटोमा कसरी अगाडि बढ्ने ? भनेर प्रभावकारी योजना बनाएर कार्यन्वयनको पक्षमा लाग्नु एउटा सानो उदाहरण हो। देश उन्नतिको आधारभूमि शासकले तय गरेको एउटा बाटोमा देशका आम युवावर्गलाई काँधमा काँध, हातमा हात मिलाएर हिडाउन खोज्ने काम शासकको हो। देशका हरेक क्षेत्र र तहमा दैनिक रूपमा नयाँ सिर्जनाका काम हुन सकेनन भने त्यो देशको विकास कसरी हुनसक्छ ? भनेर शासकले सोच्ने कुरा हो। पौराणिक राजा (तत्कालीन शासक) जनक (शिरध्वज) जनता र देशको उन्नतिमा कसरी लागिपर्थे ? भनेर पनि हाम्रा शासकलाई अवश्य थाहा हुनुपर्छ। तर, थाहा भएर पनि ती कुरालाई आत्मसात गर्न तिनका अभिमानले बाधा पुऱ्याएको छ। हाम्रा शासकहरू सबैभन्दा बढी लोभमोहमा डुबेका छन् भने त्यसलाई बलियो बनाउने काम उनीहरूभित्रको अहम् ताले गरेको छ।

हालका हाम्रा प्रधानमन्त्री (शासक)का कुरा गर्ने हो भने उनी अनेक तरहका नाटक गर्दै कसरी हुन्छ आफ्नो शासकत्वमा चलेको मृत शासनलाई कसरी अलि लामो समयसम्म टिकाउने ? भन्ने उही व्यक्तिगत स्वार्थको भावनाले फुलेर बाँचेका छन्। देशभरका हरेक गाउँ युवाविहीन हुँदै गएका छन्। विद्यालयहरूमा सक्षम शिक्षकको अभाव खट्कँदै जानथालेको छ। कृषिकर्ममा लाग्नको लागि भर पर्दो युवाजनशक्ति पाउन सकिने अवस्था छैन। देशको आर्थिक अवस्था आजभन्दा भोलि डामाडोल बन्दै जानथालेको छ। शासक स्वयमले पनि विदेशीले यति आर्थिक सहयोग गर्ला कि भनेर विदेशी सहयोगको अपेक्षा राख्नुपर्ने अवस्था आइपरेको छ। कुनै विदेशीले दिएको अरबौं ऋणको ब्याज तिर्दा हैरानी बढेको छ। लाखौं नेपाली युवाले विदेश गएर श्रम गरी पठाएको रेमिट्यास (धन) पनि अनुत्पादक क्षेत्रमा लगानी भइरहेको छ। देशको यस्तो विषम् परिस्थितिले शासकको मनमा अलिकति पनि चिन्ता हुन्थ्यो र हुनुपर्थ्यो भने यसै देशमा रहेका वित्त विज्ञहरूसँग सल्लाह लिएर कुनै प्रभावकारी कदम चाल्नुपर्ने हुन्थ्यो। तर विडम्बना वर्तमानका हाम्रा शासक केपी ओली कहिले अबोध बालककोजस्तो बोली बोलेर आफ्नो नालायकीपन र अविवेकीपनको परिचय दिइरहेका हुन्छन् भने कहिले गाउँ खाने कथा सुनाएर दिक्क पारिरहेका हुन्छन। विगतमा आफूले गरेका कुकर्मका बारेमा पोल खोलिएला कि भन्ने कुरामा मात्र उनको ध्यान गएको देखिन्छ। त्यसैले आफूले गरेका कुकर्मका पोल कसैले उदाङ्गो पार्ने प्रयासमा लागेको देखिसहँदैनन्। त्यतिमात्र होइन कि आफ्नो पोल खोल्नेलाई जसरी भए पनि उनी हायल कायल पार्ने कुरामा राम्रैसँग लाग्न थाल्छन्। उनी देशको शासक भए पनि आफूले गरेका कुकर्मको पोल खोल्ने व्यक्तिका पछाडि लागेर बारम्बार सताउने काममा लागिरहन्छन्। उनीभित्र लोभमोहको जालो यति बलियो रहेको छ कि त्यसलाई कसैले पनि फाल्न सक्ने अवस्था छैन। न त उनी नेपाली जनता र नेपालमा आफूले सुशासनको अनुभूत गराउनुपर्ने विषयलाई आफ्नो दायित्व ठान्छन् र तदनुसार अगाडि बढ्न नै खोज्छन्। हाम्रा वर्तमान शासक केपी ओलीको वर्तमानको शासनको अभिभारा लिनु भनेको आफूसहितका विगतका आम भ्रष्टाचारीलाई उचित कार्यवाही हुनबाट जोगाउने र आफू पनि जोगिनुका साथै सत्ता साझेदारीका शासकलगायतकलाई जोगाउनु नै वर्तमानका शासकको शासनमा जानुका मूल उद्देश्य रहेका छन्।

यदि हाम्रा विगत र वर्तमानका कोही पनि शासकले यो देशमा जीवन्त शासन चलाउन सकेका भए उनीहरू स्वयम् पनि इतिहासका पानामा सफल शासकको मर्यादाले सम्मानित हुने थिए भने देशको समग्र अवस्था पनि वर्तमानको हालतबाट निकै माथि उठेको हुने थियो। हुन त अहिले मात्र होइन विगतको इतिहास हेर्दा पनि नेपालमा शासन गर्ने कोही पनि शासक न त सफल बन्न नै सकेका छन् न त जीवन्त शासन चलाउन सकेका छन्।

हाम्रो शिक्षा क्षेत्र पनि कामयावी बन्न सकेको छैन। हरेक विद्यालयहरूमा सैद्धान्तिक शिक्षा सिकाइन्छ र घोकाइन्छ। तर, प्रयोगात्मक शिक्षाको अभाव छ। विद्यालय स्तरमा मात्र नभएर माथिल्लो तहसम्मको शिक्षा कामयावी हुने खालको शिक्षा पटक्कै छैन। विदेश जाने हाम्रो युवा जनशक्ति पनि त्यही घोकन्ते र सैद्धान्तिक शिक्षा हासिल गरेर उत्पादन भएको जनशक्ति हुनाले विदेश गएर पनि प्रयोगात्मक ज्ञान जान्ने नभएकोले थोरै पारिश्रमिकका भरमा काम गर्न बाध्य हुन्छन्। यदि, शासकले जीवन्त शासन चलाएर हरेक कुराको खोजी गरेको भए हाम्रो युवा जनशक्तिले विदेश गएर पनि यस्तो अपमानित हुनुपर्ने अवस्था आउने थिएन कि। कस्तो खालको शिक्षा नीति अबलम्बन गरियो भने नेपालको युवाजनशक्तिले रोजगारीका लागि विदेश जानुपर्ने बाध्यताबाट मुक्त हुने छन् भनेर शासकको दिमाग भित्र कहिल्यै पनि सकारात्मक विचार आउँदैन होला।

हाम्रो कृषि क्षेत्रदेखि लिएर रोजगारीका अरू हरेक क्षेत्रहरू करिब माथि उठ्न नसकेको अवस्थामा छन्। हामीले हरेक भौतिक वस्तुमा आत्मनिर्भर हुनुपर्ने अवस्था आउँदै जाँदा हामी भने क्रमिक रूपमा परनिर्भर हुँदै जाने क्रम बढ्दै गएको छ। यी यावत विषयमा शासकले कति हदसम्म बुझेको वा जानेको हुन्छ र कति हदसम्म जान्नुपर्ने हो भन्ने कुनै बन्धन हुँदैन होला तर पनि शासक स्वयमले जान्ने वा जान्नुपर्ने विषय होइनन् र ?

शासक केका लागि, कसका लागि, किन भन्नेजस्ता धेरै प्रश्न उठ्न सक्छन। शासक जनताका लागि भनौं भने जनताका दु:ख, पीडा बुझेर तिनबाट जनतालाई मुक्त बनाउने कामको थालनी गर्न नसक्ने शासक जनताका लागि चाहिन्छ भनेर कसरी भन्ने ? देशको रक्षाका लागि शासक चाहिन्छ भनौं भने सिमानामा विदेशीले खुलमखुल्ला लुट्दै गर्दा पनि त्यसको प्रतिरोध नगर्ने वा गर्न नसक्ने शासक देशको लागि चाहिन्छ कसरी भन्ने ? बरु ताक परेको खण्डमा गोप्य सम्झौता गरेर पनि देश बेच्न उद्यत हुने शासक त देशको रक्षाको लागि नभएर देशको लागि घातक पात्र भएकोले हालको हाम्रो देशको बिग्रेको राजनीतिक अवस्था हेर्दा बरु शासकविहीन राज्य भयो भने जनता स्वयमले स्वतन्त्र भएर एउटा भरपर्दो नियम बसाल्ने छन। वर्तमानका यी यावत राजनीतिक विकृतिका कारण शासकको असक्षमता एउटा मुख्य कारक हुँदै हो। त्यसैले वर्तमानको राजनीतिक व्यवस्थालाई उल्टाएर अर्को कुनै विकल्प खोजी गनुपर्ने अपरिहार्यता बढ्दै गएको छ। हाम्रो देशका शासकमात्र असफल पात्रको रूपमा दरिएका छैनन्। हाम्रो छिमेकी देश बङगलादेशका शासकले भागेर ज्यान जोगाउनुपरेको थियो भने अन्य कैयौं देशहरूमा शासकका कुकर्मका कारण राजनीति जिङ्ग्राएको अवस्थामा रहेको छ। ती देशका जनताले यति धेरै निराशा र बैचैनी भोग्नुपरेको छ कि बयान गरेर साध्य छैन। यथार्थ कुरा यो हो कि जब शासक चाहिनेभन्दा अधिक मात्रमा लोभ मोहमा डुब्न थालेर तदनुसारका कुकर्म गर्न थाल्छ तब ती देशमा कुशासनको थालनी हुनथालेको कुराको सङ्केत हुन थाल्दछ। हाम्रो देशमा पनि कहिले योग्य शासकले शासन गर्न थाल्ला तहिलेदेखि मात्र हामीले सुशासन हुन थालेछ भनेर अनुभूत गर्न पाउने दिन आउला भनेर प्रतीक्षा गनुको कुनै अर्को विकल्प छैन।

नियात्रा

ऐतिहासिक मकवानपुरगढी

भूमिका गैरे (तिमिल्सिना)

मकवानपुर राज्य मध्यकालको नेपाल एकीकरणको पूर्व एक स्वतन्त्र र प्रख्यात थियो। इतिहासका पानापल्टाएर हेर्ने हो भने कुनै समय मकवानपुर स्वतन्त्र राज्य थियो। यसको राजधानी मकवानपुर गढी थियो। यो ऐतिहासिक, पुरातात्विक, धार्मिक एवम् पर्यटकीय महत्व बोकेको स्थान हो। नेपालका लागि यो गढी सदैव रणनीति महत्वको स्थानको रूपमा चिनिन्छ।

यात्रा गतिशील हुन्छ र यात्रा शब्दले आफैंमा रमाइलोको अनुभूति गराउँछ। नयाँ ठाउँ, नयाँ परिवेशमा त झन् कुतुहलताले भरिएको आभास हुन्छ।

यात्रा शब्दमा उपसर्ग लागेर नियात्रा बनेको हुँदा यसलाई निबन्ध यात्रा भनेर पनि चिनिन्छ। यात्राका क्रममा देखेका, अनुभव गरेका भोगेका, स्पर्श गरेका हरेक घटनालाई क्रमबद्ध शैलीमा व्याख्या गरिनु नै यात्रा साहित्य हो। यात्रा वर्णन हो। नियात्राकारका निजी अनुभव, स्थानगत यात्राका अनुभूति, परिवेशगत परिचय, दृश्य संयोजनका क्रममा भेटिएका कुराहरूको टिपोट गरेर कलात्मक शैलीमा प्रस्तुत गरिएको रोचक हुन्छ। नियात्रा लेखनका लागि यात्रा अनिवार्य हुन्छ। यथार्थ घटना, कल्पनाको मिश्रण, लेखकीय इमान्दारिता, सूक्ष्म अवलोकन निष्पक्षता, वस्तुगत स्थुल कुराहरूको सतही अवलोकन, साना-साना सूक्ष्म कुराहरू र घटना सम्प्रेषणमा प्रभावकारिता हुनु आवश्यक हुन्छ। पाठकलाई पनि नियात्राकार सँगसँगै यात्राको आनन्द लिएको भान होस्।

हामी गैंडाकोट नगरपालिका वार्ड नं. १ मा रहेको श्री सरस्वती निकेतन आवासीय माध्यमिक विद्यालयबाट मिति २०८१ साल मङ्सिर ६ गते विहीबारका दिन कक्षा ६, ७ र ८ का विद्यार्थीहरूसहित दुईवटा गाडीमा चार जना शिक्षकहरू जसमा प्राचार्य भरतबाबु कँडेल, शिक्षक सुरज भण्डारी, सन्देश विष्ट, चार जना गाडीका चालक र सहचालकसहित म लेखक स्वयम् भूमिका गैरे(तिमिल्सिना) पनि उपस्थित थिए।

हामी बिहान ६ बजे विद्यालय प्रांगणमा जम्मा भई ६८ जनासहित ऐतिहासिक, पौराणिक, पुरातात्विक महत्व बोकेको स्थान मकवानपुरगढी दरवारका लागि १ दिने शैक्षिक अवलोकनीय भ्रमणका लागि प्रस्थान गर्यौं। करिब बिहान ७ बजे खैरहनीमा खाजा खाई हेटौंडा रंगशाला, माछा पोखरी, चुच्चेखोला जुन खुवाको लागि प्रसिद्ध ठाउँ रहेछ। हामी मकवानपुर गढी शिखर कटेरी हुँदै बुद्ध चोकबाट ठाडो उकालो लाग्यौं। करिब २०-२५ मिनटको उकालो हिँडेपश्चात् ऐतिहासिक, पुरातात्विक, रणनीति, धार्मिक स्थान मकवानपुर गढी पुग्यौं।

लगभग १३५ रोपनी क्षेत्रफलमा फैलिएको, हाल नेपालभन्दा धेरै ठूला राज्य पाल्पा र मकवानपुर तथा पछि टुक्रिएर बनेका चौदण्डी विजयपुर जस्ता राज्य सेन राजाद्वारा शासित रहेको इतिहासले बताउँछ। एघारौं शताब्दीमा नेपाल प्रवेश गरेका तुलासेनदेखि पाल्पाका राजामुकुन्द सेन प्रथम (१५७५-१६१० ले आफ्नो राज्य पूर्वमा दूधकोशीसम्म विस्तार गरेपछि पश्चिमगुल्मीदेखि कोशीसम्म फैलाएको हुँदा त्यस राज्यको बिच भागमा पर्ने मकवानपुरलाई मुकुन्दपुर नामकरण गरी राजधानी घोषित गरेका थिए।

मकवानपुरलाई मुकुन्दसेनका छोरा लोहाङ सेनले मकवानपुरमाथि विजय प्राप्त गरेका थिए। त्यस अभियानमा मुकुन्द सेन पनि साथै थिए। नारायणी नदी नवलपुर गैंडाकोटबाट तरी मकवानपुर हुँदै भावर प्रदेश कब्जा गरी बढिया नालादेखि कमला नदी बीचमा पर्ने हट्टीलाई पनि कब्जा गरेका थिए। त्यसपछि पाल्पाको सिमाना लिम्बुवानको विजयपुर राज्यसँग जोडियो। राजा मुकुन्द सेनले आफ्नो विस्तृत राज्य पश्चिमदेखि पूर्वतर्क जङ्गल फँडानी गरी बसोबास गराउने क्रममा ठाउँ ठाउँमा मानवीय बस्ती बसालेका थिए। राप्ती नदीपूर्व र हेटौंडादेखि उत्तरी क्षेत्रको पहाडी भागमा नगर बसाले र आफ्नै नामबाट मुकुन्दपुर नामकरण गरेको थिए। त्यसै आधारमा सो ठाउँलाई पछि गएर मकवानपुर भनियो।

भारतका चितौर र सिसौदियाका राजपुतहरूको सन्तानका रूपमा चिनिएका सेनवंशी राजाहरूले आफ्नो समयमा उत्कृष्ट पराक्रम राजनीति र कूटनीतिको परिचय दिएको पाइन्छ। अजिससेनका सन्तान तुलासेनले मकवानपुर राज्य स्थापना गरी उनका सन्तानहरूले राज्य गरेको पाइन्छ।

मकवानपुरगढी दरबार हेटौंडादेखि १६ किलोमिटर पूर्व कान्तिपुर राज्यपथ सडकसँगै समुन्द्री सतहदेखि १०१७ मिटरको पहाडी उचाइको थुम्कोमा अवस्थित रहेको छ। सेन वंशीय राजाहरूले १३ औं शताब्दीको शुरूतिर यहाँ शासन गरेको इतिहास पाइन्छ। सेन वंशका प्रतापी राजामणी मुकुन्द सेनकै नामबाट मुकुन्दपुर, मुकन्दपुर मुकुनपुरको अपभ्रंश हुँदै मकवानपुर नामकरण भएको हो भन्ने जनविश्वास रहेको पाइन्छ। सेन वंशका मुकुन्द सेनका छोरा लोहाङ सेनदेखि अन्तिम राजा दिगबन्धन सेनसम्मका राजाहरूले करिब ३०० वर्षसम्म मकवानपुर गढीलाई राजधानी बनाई शासन गरेका थिए। १३ औं शताब्दीभन्दा अगाडि सेन वंशले राजकाज चलाउनका लागि भौतिक संरचना बनाएका थिए। नेपालको सबैभन्दा ठूलो गढी हो।

मकवानपुर गढी राजा तुलासेनको राज्य कालमा निर्माण भएको विश्वास गरिन्छ। गढीको तीनओटा भाग रहेका छन। ठुलो गढी, सानो गढी र ढुङ्गेगढी ठूलो गढीमा दुईदुई ओटा दरबार तथा पानी ट्याङ्कीहरू रहेका छन् भने ठूलो गढीको दक्षिण र पश्चिमतर्फ करिब ३०० मिटरको दूरीमा सानोगढी र करिब २ किलोमिटर उत्तरपूर्वमा ढुङ्गेगढी रहेको छ।

पृथ्वीनारायण शाहले एकीकरणको दौरान उपत्यका विजय प्राप्त गर्न मकवानपुर राज्यको एकीकरण अत्यावश्यक ठानी वि.सं. १८१९ साल भदौ महिनाको ९ गते ९ई.सं. १७६२ अगस्ट २१० को बिहानैबाट हमला गरी करिब आठ घण्टाको लडाइँ पश्चात मकवानपुरगढीमा विजय प्राप्त गरेका थिए। तत्पश्चात मकवानपुर गढीबाट पूर्वमा रहेको हरिहरपुर गढीमा गोर्खाली फौजले ४ अक्टोबर १७६२ का दिन कब्जा गरेपश्चात मकवानपुर राज्यको अन्त भएको थियो। नेपाल एकीकरण शुरू भएदेखि वर्तमान नेपाली सेनाको स्थापना भएको हो। नेपाल अंग्रेजको युद्धमा नेपाली फौजले देखाएको बहादुरीका कारण अंग्रेजहरूले सेनामा भर्ना गरी गोर्खाली सेनाको नामाकरण गरेका थिए।

मकवानपुर राज्यको पराजयपछि राजा दिगबन्धन सेनको सहयोगार्थ गुरगिन खाँको नेतृत्वमा आएका करिब २५०० (पच्चिस सय) मुगल सेनाका फौजलाई गोर्खाली सेनाले वि.सं. १८१९ माघ १० गते परास्त गरेका थिए। उक्त लडाइँमा मुगलका करिब १७०० (सत्रसय) फौज र गोर्खाली फौजतर्फ करिब ३० (तीस) जनाको मृत्यु भएको थियो र करिब पाँच सय बन्दुक, दुई थान तोप हात पारेका थिए। उक्त लडाईको जितपश्चात गोर्खाली सेनाले ठूलो संख्यामा आधुनिक हतियार हात पारेका थियो। उक्त लडाइँको सम्झनामा मकवानपुरगढी दरबारमा प्रत्येक वर्ष माघ १० गते विजय उत्सव मनाउने गरिएको छ।

इ. सं. १८१४ सालदेखि १८१६ सालसम्म भएको नेपाल अंग्रेज युद्धको समयमा अङ्ग्रेज फौजले मकवानपुर गढीमा हमला गरेका थिए। सुगौली सन्धिको हस्ताक्षर गर्न नेपाल पक्षबाट ढिलाइका कारण पुन: अंग्रेजहरू असन्तुष्ट भई अक्टर लोनीको नेतृत्वमा दोस्रोपटक तराई हुँदै मकवानपुर गढीमा हमला गरेका थिए तथा गढीलाई भने कब्जा गर्न सकेका थिएनन्। मकवानपुरगढीले एकीकरण अभियानलाई साकार पार्न तथा विदेशी सेनाहरूलाई धपाई देशलाई जोगाउन तथा नेपाललाई स्वाधीन राष्ट्रको रूपमा विश्व सामु उभ्याउन महत्वपूर्ण भूमिका खेलेको पाइन्छ। लोहाङ सेनसहित मकवानपुरमा राघव सेन, हरिहर सेन, शुभ सेन, माणिक सेन, हेमकर्ण सेन र दिग्बन्धन सेनगरी सात पुस्ताले करिब ३०० वर्षशासन सञ्चालन गरेका थिए। मकवानपुरका अन्तिम राजा दिग्बन्धन सेन थिए। उनले जम्मा २ वर्षमात्र शासन गरेको इतिहास पाइन्छ।

गढीको बीच भागमा वंश गोपालको मन्दिर छ। वंश गोपाल श्रीकृष्णको मन्दिर हो। वंश गोपालको मूर्तिलाई साङ्लाले बाँधिएको छ। विं सं. १९९० सालको भूकम्पमा परी वंशगोपालको अग्लो मूर्ति ढलेर हात भाँचिएको हुनाले फेरि नढलोस् भनि साङ्लाले बाँधेको भन्ने विश्वास पाइन्छ भने अर्को तर्फ इतिहास हेर्दा सेन वंशीय शासनकालमा भगवानको पाउमा तोरीको फूल टाँसिएको देखेपछि वरिपरिका बासिन्दाले पुजारीलाई जानकारी गराएछन्। पुजारीले चियोचर्चा गर्दा भगवान रात्रीकालीन समयमा घुम्नका लागि निस्कनु हुँदोरहेछ। चितवनको तोरी बारी घुमेर बिहान फर्कने गर्दा उहाँका पाउमा तोरीको फूल टाँसिएको तथ्य फेला पारेका कारण भगवान उक्त स्थान छाडेर कहीं नजाउन् नत्र अनिष्ट हुन्छ भनि साङ्लाले बाँधेर राखेको हो भन्ने किंवदन्ती मन्दिरका पुजारी चन्द्रप्रसाद घिमिरेबाट जानकारी भयो। उहाँका अनुसार द्वापर युगमा भगवान श्रीकृष्ण रात्रीकालीन समयमा चितवनको तोरीमाडी आउने हुनाले चितवन माडी नाम रहन गएको हो भनि बताउनु भयो।

वि.सं. १७९५ तिर पृथ्वीनारायण शाहको विवाह हेमकर्ण सेनकी छोरी इन्द्र कुमारीसँग यसै दरबारमा भएको थियो। उनका जेठान दिगबन्धन सेन थिए। पृथ्वीनारायण शाह र दिगबन्धन सेन बीच ठाकठुक परेपछि दिगबन्धनले उल्टो सलामी दिएका थिए। पृथ्वीनारायण शाहको विवाह एक राजनीतिक योजना थियो तर जेठानसँग विवाद परेपछि उनले काठमाण्डौंका मल्ल राजाहरूलाई कमजोर पार्न मकवानपुरमाथि जीतहासिल गर्न' थियो। सेन वंशमा धेरै सन्तान भएकाले किचलो बढ्दै जाँदा राज्य कमजोर हुँदै गयो र पृथ्वीनारायण शाहले मकवानपुरमा विजय प्राप्त गरे। करिब ११०० वर्ष लामो इतिहास बोकेको भए पनि सत्ताच्युत हुनु परेका कारण कतिपय इतिहास गर्भमै लुकेका छन्। भारतको टिस्टा कामाख्या माई मन्दिरसम्म राज्यविस्तार गरेका थिए। पाल्पाका राजा मुकुन्द सेनले आफ्नो जीवनको उत्तरार्द्धमा जीवन राजर्षी रूपमा बिताए। उनले रिडी, देवघाट, बराह क्षेत्र, हरिहर क्षेत्र प्राचीन धार्मिक क्षेत्रहरूमा तपस्या गर्दै हिडेका थिए।

हामी १० बजे त्यहाँबाट फर्केर हेटौंडा आएर खाना खायौं। त्यसपछि हाम्रो गन्तव्य वागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा आयौं। त्यहाँ हामीलाई करिब १ घन्टाको पर्खाइपछि मात्र भित्र जाने अनुमति मिल्यो र सभाहलमा विद्यार्थीसहित गयौं।

अख्तियार दुरुपयोग अनुसन्धानको काम, कर्तव्य र आफूले पाएको अधिकारको दुरुपयोग गर्दा हुने कारवाहीका बारेमा स्लाइडबाट जानकारी गराउनुभयो। विद्यार्थीहरूले राखेका जिज्ञासालाई बुझाउनुभयो। त्यहाँ चियाखाजा खाई हामी ४ बजे निस्क्यौं। हाम्रो गन्तव्य हेटौंडाको ऐतिहासिक, शक्तिपीठ भूटनदेवी रहेको थियो। महाभारत कालीन पाँच पाण्डवसँग सम्बन्धित हेटौडाबाट करिब १ किलोमिटरभित्र ऐतिहासिक, पौराणिक, पर्यटकीय, धार्मिक स्थल भूटनदेवीको मन्दिर अवस्थित छ। महाभारतकालीन समयमा पाँच पाण्डव बनवासमा रहँदा भिमसेनलाई देख्दा मोहित भई सुन्दर स्त्रीको रूप धारण गरी विवाहको प्रस्ताव माता कुन्ती समक्ष राखिन्। त्यसै बखतमा हिडिम्बाका दाजु हिडिम्बासु आई भिमसेनसँग युद्ध गर्दा हिडिम्बासुको मृत्यु भएको थियो। भिमसेनले शर्तअनुसार हिडिम्बालाई राक्षसी बानी सबै त्यागी मानव, पशुपंक्षीको सेवा गर्न' र दनुवार जातिलाई माइती र चुरिया माईलाई दिदी मानी देवीको आराधना र पुकार गर्न'पर्छ अनि एउटा सन्तान भए पछि छुट्टिएर बस्नुपर्ने प्रस्ताव राख्दा हिडिम्बाले स्वीकार गरिन्। सोही शर्तअनुरूप भीमसेन र हिडिम्बाको पुत्र घटोत्कचको जन्मपश्चात् दुबै छुट्टिएर बसेका थिए। हडिम्बाले साधना र तपस्याबाट आफू नवदुर्गा र कालीको शक्ति प्राप्तिको वरदान मागिन्। हिडिम्बाको नामबाटै अपभ्रंश हुँदै हेटौंडा नाम रहन गएको हो, भन्ने भनाइ छ। यस मन्दिरमा शुद्ध मनले मागेको पुग्ने जनविश्वास रहेको कुरा यसै मन्दिरका अध्यक्ष राममान श्रेष्ठद्वारा जानकारी भयो। भूटन देवीलाई भूदेवी भनेर पनि चिनिन्छ।

मन्दिर परिसरभित्र देवीको ढलोटको ठूलो मूर्ति, पूर्वमा गणेश भगवान, उत्तर छेउ राधाकृष्ण मन्दिर सीताराम मन्दिर पश्चिमतर्फ भैरव मन्दिर, माता सरस्वतीको मन्दिर, वासुकी मन्दिर, शिवलि, भगवान विष्णु पार्वती, गौतम बुद्धकास्तूप रहेका छन्। विशेष कक्ष सभाहलका साथै आवासको व्यवस्था रहेको जानकारी पायौं। त्यहाँबाट करिब ५:३० बजे हामी गाडी चढ्यौं र ८ बजे हामी गैंडाकोटको मानसरोवर होटलमा आई खाना खायौं। करिब १० बजे सबै विद्यार्थीसहित शिक्षकहरू सकुशलघर पुग्यौं।

एक दिने शैक्षिक अवलोकन भ्रमणबाट पनि धेरै कुरा जान्न, बुझ्न, सिक्न, अध्ययन गर्न सकिन्छ। कुनै पनि स्थानको सतही अवलोकन गर्यौं भने त्यो आफैंमा ज्ञानको भण्डार हुन्छ। जति हामीले बुझ्न खोज्छौं त्योभन्दा बढी पाउँछौं। नेपालमा रहेका यस्ता ऐतिहासिक, धार्मिक, पुरातात्विक, पर्यटकीय क्षेत्रका बारेमा अध्ययन अवलोकन गरी व्यावहारिक ज्ञान लिन सक्छौं। विद्यार्थीलाई किताबी ज्ञानभन्दा फरक प्रत्यक्ष देखाएर, बुझाएर, स्थलगत अवलोकन गरी त्यस ठाउँको भाषा, धर्म, संस्कृति, परम्परा, जीवनशैली र परिवेशलाई नजिकैबाट नियाल्नका लागि शैक्षिक अवलोकनीय भ्रमणको महत्वपूर्ण भूमिका रहन्छ।

पत्रकार...

सम्पादक पण्डितले अहिलेको सञ्चार जगत् सामाजिक उत्तरदायित्वको मुख्य सिद्धान्तअनुसार सञ्चालन हुनुपर्ने आवश्यकता औंल्याउँदै आवाजविहीनहरूको वास्तविक आवाजको रूपमा आम सञ्चारकर्मीले आफूलाई स्थापित गर्नुपर्ने र त्यसका लागि पत्रकार महासंघले कुशल नेतृत्व प्रदान गर्नुपर्ने बताउनुभयो।

सो सम्मान कार्यक्रममा महासंघकी अध्यक्ष शर्मा, वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, उपाध्यक्षद्वय नितु पण्डित, उमिदप्रसाद बागचन, महासचिव रामप्रसाद दाहाल, कोषाध्यक्ष रामकृष्ण अधिकारी, सचिव रमेश खतिवडा, सोनी शर्मा, लेखा समिति संयोजक केसी लामिछानेलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा नेपाल पत्रकार महासंघकी कार्यवाहक अध्यक्ष बाला अधिकारीले आफूहरूले अहोरात्र खटेर महासंघको निर्वाचन समयमा नै सम्पन्न गराउन सफल भएको र यसका लागि सहयोग पुर्‍याउने देशैभरका पत्रकार साथीहरूलाई धन्यवाद व्यक्त गर्नुभयो। महासंघका नवनिर्वाचित पदाधिकारीहरुलाई पब्लिकेसन्सको तर्फबाट खादा टीकाका साथै यमोरी खुवाएर सम्मान गरिएको थियो।

अन्तरिक्षमा...

प्राधिकरणले अध्ययन गर्नमात्र भन्दै १४ लाख ७० हजार अमेरिकी डलर (१९ करोड ९५ लाख ५ लाख ८१ हजार ९ सय) मा सम्झौता भएको जनाएको छ। सो सम्झौता सकिन अझै ३ वर्ष बाँकी रहेको छ। यतिका रकम खर्च भइसक्दा नेपालले के कसरी अगाडि बढ्नुपर्छ भन्ने विषयमा ठोस पहल नचालेको पाइएको छ। प्राधिकरण स्रोतका अनुसार अध्ययनपछि ३० देखि ४० अर्ब रुपियाँ स्याटलाइट बनाउनमा खर्च हुने जनाएको छ। अन्तर्राष्ट्रिय टेलिकम्युनिकेसन युनियनले अन्तरिक्षमा नेपालका लागि सन् १९४८ मा ५० डिग्री पूर्वी र १२३.३ डिग्री पूर्वी अर्बिटल स्लट छुट्याइएको थियो।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको २१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

ICFC

सूचना प्रकाशित मिति : २०८१/०९/०७

श्री शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको मिति २०८१/०९/०५ गते शुक्रबारका दिन बसेको सञ्चालक समितिको ३३९औं बैठकको निर्णयानुसार यस कम्पनीको एक्काइसौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

१) **मिति, स्थान र समय**
मिति : २०८१ पौष २९ गते सोमबार (तद्नुसार जनवरी १३, २०२५)
समय : बिहान १०.०० बजे।
स्थान : बौद्ध हेरिटेज, बौद्ध पिपलबोट, काठमाण्डौ ।

२) **सभामा प्रस्तुत छलफलका विषयहरु**

क. सामान्य प्रस्तावहरु

१. आर्थिक वर्ष २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी स्वीकृत गर्ने।
३. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको ५.२६३२ प्रतिशतका दरले हुने नगद लाभांश रु. ६,२२,८७,९४५।२६ (अक्षेरुपी छ करोड बाईस लाख सतासी हजार नौं सय पैंतालिस रुपैयाँ र छब्बीस पैसा मात्र।) (नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.व. २०८१/८२ को लागि बाह्य लेखा परीक्षक नियुक्त तथा निजको पारिश्रमिक निर्धारण गर्ने (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बाहालवाला लेखापरीक्षक एन.अमात्य एण्ड कं. चार्टर्ड एकाउन्टेन्टस् पुनःनियूक्ति हुन योग्य हुनुहुन्छ।)
५. संस्थापक समुहबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना संचालकहरुको निर्वाचन गर्ने।

ख. विशेष प्रस्ताव

ग. विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

एक्काईसौं साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :

१. साधारणसभा प्रयोजनका लागि मिति २०८१ साल पौष १७ गते एक दिन फाइनान्सको शेयरधनी दर्ता किताब बन्द रहने छ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द हुनुभन्दा अघिल्लो दिनसम्म कारोबार भई नियमानुसार नामसारी भई आएका शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न र आ.व. २०८०/८१ को नगद लाभांश प्राप्त गर्न योग्य हुनेछन्।
२. शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पठाइनेछ। कुनै कारणबस उक्त पुस्तिका नपाउनु भएमा वित्तीय संस्थाको प्रधान कार्यालय, भाटभटेनी, काठमाण्डौ तथा ग्लोवल आइएमई क्यापिटल लिमिटेड, नक्साल काठमाण्डौबाट समेत शेयरधनी प्रमाण पत्र / हितग्राही (DEMAT) खाता खोलेको प्रमाणपत्र प्रस्तुत गरी सो प्राप्त गर्न सक्नु हुनेछ वा वित्तीय संस्थाको Website: https://www.icfc.com.np बाट हेर्न सकिनेछ।
३. सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले आफ्नो फोटो भएको कुनै परिचय पत्र, शेयर प्रमाणपत्र/निक्षेप सदस्यको वि.ओ.आई.डि.नम्बर वा कुनै एक सक्कल शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ।
४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी वित्तीय संस्थाको सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडी वित्तीय संस्थाको प्रधान कार्यालय भाटभटेनी, काठमाण्डौमा दर्ता गरी सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनु अनिवार्य छ।
५. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्वन्धित शेयरधनी स्वंय सभामा उपस्थित भई मतदान गर्न चाहेमा शेयरधनीले गरिदिएको प्रोक्सी स्वतःबदर हुनेछ।
६. शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन अर्थात मिति २०८१ साल पौष २९ गते बिहानको ९.०० बजे सभा स्थलमा उपस्थित जनाउने कार्यको लागि उपस्थित पुस्तिका राख्ने व्यवस्था मिलाइएको छ।
७. सर्वसम्मतवाट प्रतिनिधि चयन गरिएको अवस्थामा बाहेक एक भन्दा वढी व्यक्तिहरुको संयुक्त नाममा (साझा गरी) शेयर लिएको रहेछ भने शेयरधनीको दर्ता किताबमा दर्ता क्रमानुसार पहिलो नाम उल्लेख भएको व्यक्ति एक जनाले मात्र सभामा भाग लिन सक्ने छ।
८. नावालक वा विक्षिप्त शेयरधनीको तर्फवाट वित्तीय संस्थाको शेयरधनी दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भईरहेको व्यक्तिले मात्र सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्नसक्नु हुनेछ। तर नावालक संरक्षकले संचालक पदमा उम्मेदवार हुन र अरु शेयरधनीहरुको प्रोक्सी ल्याउन सक्नुहुने छैन।
९. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित सस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ।
१०. प्रतिनिधि मुकरर गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ। एक भन्दा बढी व्यक्तिलाई आधा/आधा वा अरु कुनै किसिमबाट छुट्याएर दिएमा बदर हुनेछ।
११. छलफलका विषयसूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। तर त्यस्ता विषयलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
१२. वित्तीय संस्थाको कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखा परिक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले संस्थाको मुख्य कार्यालय भाटभटेनी तथा यस संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेडमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागी सूचित गरिन्छ। संस्थाको साधारण सभासंग सम्बन्धित विस्तृत जानकारीहरु संस्थाको Website: https://www.icfc.com.np मा उपलब्ध हुनेछ।
१३. संस्थापक समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम वित्तिय संस्थाको प्रधान कार्यालयमा निर्वाचन अधिकृतद्वारा सभा हुने दिन भन्दा ७ दिन अगावै प्रकाशित गरी सूचना पाटीमा टाँस गरिनेछ।
१४. अन्य विस्तृत जानकारीको लागि वित्तीय संस्थाको प्रधान कार्यालयको फोन नं. ०१-४५२५२९२ मा सम्पर्क राख्नुहुन वा संस्थाको वेबसाइट https://www.icfc.com.np मा हेर्नुहुन वा प्रधान कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

आर्थिक वर्ष २०८०/०८१ को संक्षिप्त आर्थिक विवरण कम्पनी ऐन, २०६३ को दफा ८४ उप दफा ४ को प्रयोजनार्थ प्रकाशित संक्षिप्त वार्षिक आर्थिक विवरण

आदरणीय शेयरधनी महानुभावहरु,

आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडको एक्काईसौं वार्षिक साधारणसभामा यहाँहरुलाई स्वागत गर्न पाउँदा हामी सञ्चालक समितिका सबै सदस्यहरु हर्षित छौं। कम्पनी ऐन, २०६३ को दफा १०९(४) मा व्यवस्था भए अनुरुप यसै साथ संलग्न सञ्चालक समितिबाट स्वीकृत भै नेपाल राष्ट्र बैंकबाट समेत स्वीकृत भएको र लेखापरीक्षण भएको २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र उक्त वित्तीय विवरणहरुसँग सम्बन्धित अनुसूचीहरु तथा उक्त दफामा उल्लेख भएको निम्नानुसारको सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्दछु।

आफ्नो बैंकिङ्ग यात्राको बीसौं बर्ष पार गरी हाम्रो संस्था एक्काइसौं वर्षमा संचालनमा रहेको छ। आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको कार्यसम्पादन सही दिशानिर्देश तथा रणनीतिको साथ अगाडी बढिरहेको हुँदा संस्थाले वित्तीय परिसूचकहरुमा आफ्नो स्थान निरन्तर रुपमा सुदृढ गर्दै आफूलाई एउटा सबल एवं विश्वासनीय फाइनान्सको रुपमा उभ्याउन सफल रहदै आएको छ। हामी यसलाई अझ सुदृढ व्यवसायिक रणनीति एवं नयाँ कार्य योजनाहरु कार्यान्वयन गर्दै अग्रपंक्ति तिर लैजान प्रयत्नरत छौं। स्थापनाकाल देखि नै मुनाफा गर्न सफल रहेको संस्थाले बैंकिङ्ग क्षेत्रमा रहेका विविध प्रतिकुलताका बाबजुद पनि आफ्नो व्यवसाय सुदृढ तथा बृद्धिलाई निरन्तरता दिँदै आएको छ। बिगतमा विश्व भर महामारीको रूपमा फैलिएको कोभिड-१९ र दुनियाँका केही राष्ट्रहरु बीचको युद्धले बैंकिङ्ग क्षेत्रमा समेत ठुलो असर गरेको छ। फलस्वरुप संस्थाले अपेक्षा गरे अनुरुप आ.व. २०८०/८१ मा मुनाफा वृद्धि हुन सकेन। तथापी विषम परिस्थितिका बावजुत पनि संस्थाले व्यवसायमा वृद्धि एवं नियमित रूपमा सेवाग्राहीहरुलाई सजिलो ढंगबाट सेवा पुर्‍याउदै आएको छ।

आर्थिक वर्ष २०८०/८१ को कारोबारको सिंहावलोकन

(रकम रु. १० लाखमा)

विवरण	आषाढ मसान्त		बृद्धि	
	२०८०/८१	२०७९/८०	रकम	प्रतिशत
कुल सम्पत्ति	२१,१८२	२१,५१९	(३३७)	(१.५७)
कुल निक्षेप	१८,७९६	१९,१२७	(३३१)	(१.७३)
कुल कर्जा	१४,८३७	१४,२४९	५८८	४.१३
कुल लगानी	३,९४५	४,३९४	(४४९)	(१०.२२)

(रकम रु. १० लाखमा)

विवरण	आषाढ मसान्त		बृद्धि	
	२०८०/८१	२०७९/८०	रकम	प्रतिशत
ब्याज आम्दानी	२,३६५	२,६५१	(२८६)	(१०.७९)
ब्याज खर्च	१,८२०	२,१०५	(२८५)	(१३.५४)
खुद ब्याज आम्दानी	५४५	५४६	(१)	(०.१८)
अन्य संचालन आम्दानी (कमिशन तथा डिस्काउन्ट आम्दानी समेत)	१०७	९३	१४	१५.०५
कर्मचारी खर्च	२१६	२१३	३	१.४१
अन्य संचालन खर्च	१३७	१४४	(७)	(४.८६)
संचालन मुनाफा (कर्जा जोखिम व्यवस्था अगाडी)	३००	२८२	१८	६.३८
संचालन मुनाफा	१६२	२२४	(६२)	(२७.६८)
आयकर	४९	७०	(२१)	(३०.००)
खुद मुनाफा	११३	१५५	(४२)	(२७.१०)

लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :

यस संस्थाले आफ्नो स्थापनाकाल देखि आर्थिक वर्ष २०८०/८१ सम्म आईपुग्दा शेयरधनीहरूलाई निरन्तर नगद लाभांश तथा बोनश शेयर उपलब्ध गराई लगानीको २१३.५ प्रतिशत रकम प्रतिफल दिई सकेको सहर्ष जानकारी गराउँछौ। यसै क्रममा यस आर्थिक वर्ष २०८०/८१ सम्मको मुनाफावाट २०८१ अषाढ मसान्तसम्म कायम रहेको चुक्ता पँजी रु. १,१८,३४,७०,९७०/-(अक्षेरुपी एक अर्ब अठार करोड चौतिस लाख सत्तरी हजार नौ सय सत्तरी मात्र) को ५.२६३२ प्रतिशत ले हुने रु.६,२२,८७,९४५।२६ (अक्षेरुपी छ करोड बाईस लाख सतासी हजार नौं सय पैंतालिस रुपैयाँ र छब्बीस पैसा मात्र) बराबरको नगद लाभांश शेयरधनीहरुलाई वितरण गराउन सिफारिस गरिएको हुँदा उक्त सिफारिसलाई पारित गरि दिनुहुनेछ भन्ने विश्वास लिएका छौं।

लेखापरिक्षकको मन्तव्य:

लेखापरिक्षकले संस्थाको वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरु समक्ष पेश गर्नु भएको प्रतिवेदन देहाय बमोजिम रहेको छ।


N. Amatya & Co.
Chartered Accountants

INDEPENDENT AUDITOR'S REPORT
TO THE SHAREHOLDERS OF
ICFC FINANCE LIMITED

Report on the audit of the financial statements

Opinion

We have audited the financial statements of ICFC Finance Limited (hereinafter referred to as "the Company"), which comprise the statement of financial position as at Ashad 31, 2081 (July 15, 2024), the statement of profit or loss, the statement of other comprehensive income, the statement of changes in equity, the statement of cash flows for the year then ended, and notes to the financial statements, including a summary of significant accounting policies and other explanatory notes.

Key audit matters | How our audit addressed the key audit matters

Investment valuation, classification and impairment

Address: Kathmandu
Date: Mangsir 25, 2081

२०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात)

रकम रु. मा

सम्पति	नोट	आषाढ मसान्त २०८१	आषाढ मसान्त २०८०
नगद तथा नगद समान	४.१	८७६,२५१,०९४	१,३८७,५८७,३०८
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	४.२	९८२,५२०,३११	८९०,२१८,९५९
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	४.३	-	-
व्युत्पन्न वित्तीय उपकरण सम्पति	४.४	-	-
अन्य व्यापारिक सम्पत्तिहरु	४.५	-	-
बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी	४.६	५७८,९८०,७५६	५९०,६०१,६५९
ग्राहकहरुलाई दिएको कर्जा तथा सापटी	४.७	१४,२५७,५६५,२६९	१३,६५८,७१८,०४०
धितोपत्रमा लगानी	४.८	३,९४४,७२३,७९०	४,३९४,४०५,२८५
चालू आयकर सम्पत्ति	४.९	३०,९७०,८१५	१०,३९७,९८५
सहायक कम्पनीमा लगानी	४.१०	-	-
सम्बद्ध कम्पनीमा लगानी	४.११	-	-
लगानी सम्पत्ति	४.१२	४,२७१,५२४	४,२७१,५२४
सम्पत्ति तथा उपकरण	४.१३	३८०,१११,८०३	४३४,३६३,८७६
ख्याती तथा अमुर्त सम्पत्ति	४.१४	२,६५२,६४८	३,२८५,४४१
स्थगन कर सम्पत्ति	४.१५	-	४,८६४,१३०
अन्य सम्पत्ति	४.१६	१२३,५९१,८९५	१४०,५९६,१६२
कूल सम्पति		**२१,१८१,६३९,९०५**	**२१,५१९,३१०,३६९**
दायित्व			
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	४.१७	२८५,५७४,१६८	१,८७४,३८७,०६३
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	४.१८	-	-
व्युत्पन्न वित्तीय उपकरण दायित्व	४.१९	-	-
ग्राहकबाट निक्षेप	४.२०	१८,५१०,७३३,४९२	१७,२५२,८५७,५१६
तिर्नबाँकी सापटी	४.२१	-	-
चालु आयकर दायित्व	४.९	-	-
व्यवस्थाहरु	४.२२	-	-
स्थगन कर दायित्व	४.१५	४,१७२,९२७	-
अन्य दायित्व	४.२३	२७५,२४३,३४४	३५४,३९२,८३५
जारी गरिएको ऋणपत्र	४.२४	१९९,८६१,६७४	१९९,५६९,५२९
सहायक आवधिक दायित्व	४.२५	-	-
कूल दायित्व		**१९,२७५,५८५,६०५**	**१९,६८१,२०६,९४३**
पूँजी			
शेयर पूँजी	४.२६	१,१८३,४७०,९६०	१,१८३,४७०,९६०
शेयर प्रिमियम		-	-
संचित मुनाफा		७२,११७,८५८	७९,१९९,५७२
जगेडा तथा कोषहरु	४.२७	६५०,४६५,४८२	५७५,४३२,८९४
शेयर धनीहरुलाई बाँडफाँड योग्य कूल पूँजी		**१,९०६,०५४,३००**	**१,८३८,१०३,४२६**
गैर नियन्त्रित स्वार्थ		-	-
कूल पूँजी		**१,९०६,०५४,३००**	**१,८३८,१०३,४२६**
कूल दायित्व र पूँजी		**२१,१८१,६३९,९०५**	**२१,५१९,३१०,३६९**
संभावित दायित्व तथा प्रतिवद्धता	४.२८	९१७,०६२,४९३	६४४,४८१,७०२
प्रति शेयर खुद सम्पत्ति		१६१.०६	१५५.३१

नाफा नोक्सान हिसाब

श्रावण १, २०८० देखी ३१ आषाढ २०८१ सम्म

रकम रु. मा

विवरण	नोट	आषाढ मसान्त २०८१	आषाढ मसान्त २०८०
व्याज आम्दानी	४.२९	२,३६५,००६,२८६	२,६५०,८४२,९६४
व्याज खर्च	४.३०	१,८१९,७८२,४०४	२,१०५,३२५,९६३
खुद व्याज आम्दानी		**५४५,२२३,८८२**	**५४५,५१७,००१**
शुल्क तथा कमिशन आम्दानी	४.३१	८९,८३४,७६३	८७,९१३,७३६
शुल्क तथा कमिशन खर्च	४.३२	४,०१३,१८१	३,९१०,३५२
खुद शुल्क तथा कमिशन आम्दानी		**८५,८२१,५८२**	**८४,००३,३८४**
खुद व्याज, शुल्क तथा कमिशन आम्दानी		**६३१,०४५,४६४**	**६२९,५२०,३८५**
खुद व्यापारिक आम्दानी	४.३३	-	-
अन्य सञ्चालन आम्दानी	४.३४	१६,६३९,२१५	५,५१९,२१५
कूल सञ्चालन आम्दानी		**६४७,६८४,६७९**	**६३५,०३९,६०१**
कर्जा तथा अन्य सम्पतिमा हानी/नोक्सानीको व्यवस्था/(फिर्ता)	४.३५	१३७,५९६,९८२	५७,१३०,३८९
खुद सञ्चालन आम्दानी		**५१०,०८७,६९७**	**५७७,९०९,२१२**
सञ्चालन खर्च			
कर्मचारी खर्च	४.३६	२१५,७०४,२२४	२१३,३८८,४६२
अन्य सञ्चालन खर्च	४.३७	८२,७३१,२४४	८४,५०८,४२५
मूल्य ह्रास र परिषोधन	४.३८	५०,०९४,१०२	५३,७१६,१३३
सञ्चालन मुनाफा		**१६१,५५८,१२७**	**२२६,२९६,१९१**
गैर सञ्चालन आम्दानी	४.३९	४९१,८०७	-
गैर सञ्चालन खर्च	४.४०	-	१,८४६,५८१
आयकर अघिको मुनाफा		**१६२,०४९,९३५**	**२२४,४४९,६१०**
आयकर खर्च/(आम्दानी)	४.४१		
चालु आयकर		५३,०७७,६३६	९०,६८२,३७९
स्थगन कर		(४,२७१,०१९)	(२०,८१४,३६४)
यस अवधिको मुनाफा		**११३,२४३,३१८**	**१५४,५८१,५९५**
नाफा बाँडफाँड			
संस्थाको शेयर धनी		११३,२४३,३१८	१५४,५८१,५९५
गैर नियन्त्रित स्वार्थ		-	-
यस अवधिको मुनाफा		**११३,२४३,३१८**	**१५४,५८१,५९५**
प्रति शेयर आम्दानी			
आधारभुत प्रति शेयर आम्दानी		९.५७	१३.०६
डाइलुटेड प्रति शेयर आम्दानी		९.५७	१३.०६

नगद प्रवाह विवरण

